# फलेवास नगरपालिका, पर्वतको
# तेह्रौं नगरसभाको पहिलो अधिवेशनमा
# नगर प्रमुख श्री गंगाधर तिवारीज्यूले प्रस्तुत गर्नुभएको
# आर्थिक वर्ष २०८०/०८१ को
# वार्षिक नीति तथा कार्यक्रम

फलेवास नगरपालिका

खानीगाउँ, पर्वत ।

२०८० भदौ १३

आदरणीय नगरसभा सदस्यहहरू,
फलेवासी आमाबुबा, दाजुभाइ तथा दिदी बहिनीहरू,

१. फलेवास नगरपालिका गण्डकी प्रदेश अन्तर्गत पर्वत जिल्लाको मध्यभागमा पर्दछ । २०७३ फागुन २७ गते स्थानीय तह घोषणा हुँदा साविकका कार्किनेटा, थापाठाना, शंकरपोखरी, मुडिकुवा, खानीगाउँ, देविस्थान, लिमिठाना, ठानामौला, भंगरा, कुर्घाको वडा नम्बर १ देखि ६ र ९, तथा पाङराङ गाउँ विकास समितिहरूलाई समेटेर फलेवास नगरपालिका बनेको हो । यो नगरपालिका भौगोलिक सौन्दर्यताले भरिपुर्ण नगरका रुपमा चिनिन्छ । यस नगरपालिकाको सिमानामा पूर्वमा स्याङ्जा जिल्ला र पर्वतकै महाशिला गाउँपालिका, दक्षिणमा स्याङ्जा जिल्ला, महाशिला गाउँपालिका र पर्वतकै विहादी गाउँपालिका, पश्चिममा वाग्लुङ जिल्लाको जैमिनि नगरपालिका र उत्तरमा पर्वतकै कुश्मा नगरपालिका पर्दछन् । यस नगरपालिकाको कुल क्षेत्रफल ८५.७ बर्ग किलोमीटर छ । समुद्र सतहदेखि सबैभन्दा होचो भूभाग ६२० र अग्लो चिसापानी २२६६ तथा डहरे देउराली २२५९ मिटर समेतको अग्ला होचा समथर भू-भाग यस नगरपालिकामा पर्दछन् । भौगोलिक सौन्दर्यताले भरिएको यस नगरपालिकामा बिभिन्न जनसमुदायको बसोबास छ ।

२. सङ्घीय संरचनामा राज्यको रुपान्तरण पश्चात सङ्घ, प्रदेश र स्थानीय तहमा ७६१ सरकारहरू गठन भई नेपालको संविधानले प्रत्याभूत गरेको शासकीय स्वरुप अनुसार सहअस्तित्व, समन्वय, सहकार्य, साझेदारी गर्दै सह-शासन र स्वशासनको माध्यमबाट राज्यको शासन सञ्चालन भइरहेको छ । नागरिकहरूले आफ्नै घरदैलामा र आँगनमा भेटिने गरी सुख दुःखको सहयात्री र सारथीको रुपमा स्थानीय सरकारको अनुभव गर्न पाएका छन् । यसै सिलसिलामा म फलेवास नगर सरकारको तर्फबाट यस सम्मानित नगरसभामा आर्थिक वर्ष २०८०/८१ को वार्षिक नीति तथा कार्यक्रम प्रस्तुत गर्न पाउँदा गौरवान्वित महसुस गरेको छु ।

३. हामीलाई हाम्रो हक अधिकार र कर्तव्यको आधार तयार गर्न, शासनमा वास्तविक साझेदारीता स्थापना गर्न सदियौंदेखि विभिन्न आन्दोलन तथा सशस्त्र युद्दमा नेपाली आमाका वीर सपुतहरूले आफ्नो जीउज्यानको बलिदानी गरेका छन् । हाम्रो मुक्ति र अधिकारको लागि लड्दा आफ्नो जीवन उत्सर्ग गर्नुहुने ज्ञात अज्ञात वीर शहीदहरूप्रति भावपूर्ण श्रद्धासुमन अर्पण गर्दछु । लोकतान्त्रिक गणतन्त्रका सहयात्री सबै राजनीतिक दलहरूप्रति सम्मान प्रकट गर्दछु । साथै फलेवासको भूमिमा लोकतान्त्रिक झण्डा फहराउन अहोरात्र खट्ने सम्पूर्ण अग्रज लोकतान्त्रिक आन्दोलनका योद्धाहरूलाई अन्तरहृदयबाट स्मरण गर्दछु ।

४. सम्मानित फलेवासबासी आमाबुवा, दाजुभाइ, दिदीबहिनीहरुप्रति हार्दिक आभार प्रकट गर्दछु । यहाँहरूले देखाएको मार्गदर्शन, राखेको आशा, भरोसा र विश्वास सधैं हाम्रो मन मष्तिस्कमा रही रहनेछ । यहाँहरूले निर्वाचनमार्फत सुम्पेको अभिभारा पूरा गर्न हामी मन, वचन र कर्मले दत्तचित्त हुनेछौं । यहाँहरूको अभिमतको सधैं सम्मान गर्नेछौं । यस सम्मानित सभा मार्फत् म समग्र फलेवासी जनता समक्ष माथि उल्लिखित कुराहरु प्रण गर्न चाहन्छु ।

५. नागरिकको पसिनाबाट सिंचित फलेवास नगरपालिकाको कोषको सही र उच्चतम उपयोग गर्नेमा हामी प्रतिवद्ध छौं । लोकतन्त्रमा जनताका हक अधिकारले सुसम्पन्न हुन्छन् र हुनुपर्छ । जनप्रतिनिधिले गर्ने हरेक निर्णयमा नागरिकको अभिमत झल्कनुपर्छ । सहभागितामूलक, समावेशी तवरले जनइच्छाको सम्बोधन गर्नेगरी निर्णय गरिनुपर्छ । नागरिकको अनुहारमा वास्तविक खुसी झल्कने गरी जनप्रतिनिधिले आफ्नो आनी, बानी, व्यवहार, सोंच, कार्यशैली र मनोभावको प्रर्दशन गर्नुपर्छ । नागरिकको खुसी नै हाम्रो खुसी हो, नागरिकको सन्तुष्टि नै हाम्रो सन्तुष्टि हो भन्ने मूल मर्मलाई आत्मसात् गर्दै विकासका क्रियाकलाप सञ्चालन गर्नुपर्छ । नेताले छुट्टै आफ्नो आवश्यकताको सिर्जना गर्दैन, उसले त जनताका आवश्यकता पूरा गर्न सहजीकरण गर्दछ ।

यसै मूल मर्मलाई आत्मसात गर्दै फलेवास नगरपालिकाको आर्थिक वर्ष २०८०/०८१ को नीति तथा कार्यक्रम तयार गरी यस सम्मानित नगरसभा समक्ष प्रस्तुत गरेकोछु ।

नगरसभा सदस्यहहरू,
फलेवासी आमाबुबा, दाजुभाइ तथा दिदी बहिनीहरू,
फलेवास नगर कार्यपालिकाको यस नीति तथा कार्यक्रम तयार गर्दा निम्न पक्षहरूलाई आधार लिइएको छ ।

क) नेपालको संविधानले विभाजन गरेको तीन तहका सरकारको अधिकार, समन्वय र सहकार्यका क्षेत्र,

ख) नेपाल सरकारले मिति २०७३ साल माघ १८ गते स्वीकृत गरेको तीन तहका सरकारको कार्य विस्तृतीकरण प्रतिवेदन,

ग) स्थानीय सरकार सञ्चालन ऐन ,२०७४,

घ) हामीले निर्वाचनमा जनतासामु गरेका प्रतिवद्धता,

ङ) दीगो विकास लक्ष्य लगायतका महत्वपूर्ण राष्ट्रिय लक्ष्यहरू,

च) नेपाल सरकार र गण्डकी प्रदेश सरकारको नीति, कार्यक्रम तथा बजेट,

छ) नगरको मौजुदा आवश्यकता र सोको प्राथमिकता,

ज) नागरिकका आधारभूत आवश्यकताको परिपूर्ति,

झ) नागरिकका इच्छा, चाहना र प्राथमिकता,

ञ) विगतको स्थानीय सरकारले सुरुवात गरेको जनइच्छामा आधारित अनुकरणीय कार्य ।

फलेवास नगरपालिका दिगो विकासका लागि दीर्घकालिन सोचका साथ अगाडी बढेको छ । हामी निर्वाचनका बेला नगरवासीहरुसंग गरेको प्रतिवद्धता, योजनावद्ध विकास, आवधिक र वार्षिक योजनामा केन्द्रित रही विकासका क्रियाकलापहरु अगाडी बढाएका छौं । सोहि योजना र प्रतिवद्धता अनुसार नगरभित्रका मोटरबाटोहरु निर्माण तथा सुधार कार्य द्रुत गतिमा भैरहेको छ । नगरकै गौरवका आयोजनाका रुपमा रहेका प्रशासकीय भवनको निर्माणकार्य यसै वर्षभित्रै सक्नेगरी तिब्ररुपमा अघि बढाइएको छ । लामो समय रोकिएको नगरअस्पताल, मनमोहन शान्तिबाटिका र लमाय लिफ्ट सिंचाईको काम तिब्ररुपमा अघि बढेको छ । कालीगण्डकी प्रसारण करिडोर आयोजनाका कारण रोकिएको नगरकै गौरवको फलेवास रंगशालाको काम विद्युत प्राधिकरणका प्रमुख कार्यकारी अधिकृत कुलमान घिसिङकै उपस्थीतिमा रंगशाला जोगाएर करिडोर बिस्तार गरीसकिएको छ । रंगशालाको बाँकी काम अहिले तिब्ररुपमा अघि बढेको छ ।

आउँदो चार वर्षभित्र सबै वडाको केन्द्रसम्म पुग्ने सडक कालोपत्रे गरिसक्नेगरी काम अगाडी बढिरहेको छ । स्याङजाको नौडाँडा हुँदै नगरपालिकाको कार्कीनेटा, थापाठाना, शंकरपोखरी, देविस्थान, वाग्लुङ्ग जैमुनीघाट, गलकोट प्रादेशिक रणनैतिक सडकले आर्थिक, भौतिक, सामाजिक एवं सांस्कृतिक विकासको संजालीकरणमा सघाउ पुऱ्याउने छ । यस सडकको कालोपत्रेको कार्य तिब्ररुपमा भइरहेको छ । नगरको मुहार झल्काउने सडक साइकलचोक घोइनेउला, मुडिकुवा, देविस्थान, चन्दनी सडकको कालोपत्रेको काम गतवर्ष सम्पन्न भएकोछ ।

बाहिरी चक्रपथ अन्तर्गत भुजेलस्वाँरा, पत्यार थापाठाना, नुवार, तातोपानी सडकको निर्माणकार्य सम्पन्न गर्न आवश्यक समन्वय गरिने छ । सबै टोल एवम वस्तीलाई यातायातको सहज, सरल, तथा गुणस्तरीय पहुँच निर्माण गर्न नगर प्रयत्नशील छ । नगरका डोजरहरुद्वारा आकास्मिक सडक मर्मत र ट्रयाक खोल्ने तथा स्तरोन्नतीका कार्य भइरहेको छ । लमाएखोला, लिमिठाना, ठानामौला सडकको केहि खण्ड (करिव २ किलोमिटर) कालेपत्रेको काम सम्पन्न भएको छ भने (बाँकी सडक कालोपत्रेको कामलाई पनि निरन्तरता दिइनेछ ।) साइकलचोक नुवार चुचनदेउराली सडकको स्तरोन्नती तथा कालोपत्रेको काम भइरहेको छ । कालिगण्डकी लोकमार्गको फलेवास अन्तर्गत पाङराङ र कुर्घा खण्डको कालोपत्रेको काम अन्तिम चरणमा रहेको छ । बाकी खण्ड निर्माणको क्रममा रहेको छ । यो सडक देखि कालिगण्डकी राजमार्गलाई जोड्ने सुम्साघाटमा मोटरेवल पुल र जैमिनिघाटको मोटरेवल पुल निर्माण हुने चरणमा रहेकाले यातायात सुविधामा थप सहजता भई आर्थिक, सामाजिक एवं सांस्कृतिक सम्बन्धलाई थप प्रगाढ बनाउने छ । नगरपालिकाको कार्यालयसम्म पुग्ने झकलक-नगरपालिका, पानीट्याङ्की-नगरपालिका र राहाले-नगरपालिका जोड्ने सडक पनि संघ तथा प्रदेश सरकारको सहयोगमा यसै वर्षभित्र कालोपत्रे सम्पन्न हुनेगरी काम अघि बढेको छ । उपल्लो बाच्छाचोक, हर्रेचौपारीसम्मको सडक प्रदेश सरकारसंग बहुवर्षे योजना बनाई यसैवर्ष कालोपत्रे शुरु गरिने छ । मुडिकुवाको अग्लो पुलदेखि कालीगण्डकी करिडोरसम्मको सडक यसैवर्ष कालोपत्रे सम्पन्न हुनेगरी प्रदेश सरकारको सहयोगमा काम अघि बढाइसकिएको छ । आरसिआईपी मार्फत ओख्ले, खानीगाउँ, लमाय, लिमिठाना, ठानामौला, बेतेनी, भंगरा, थापाठाना कार्कीनेटा सडक कालोपत्रे गर्ने कार्यक्रम अगाडी बढाउन संघ र प्रदेश सरकारसंग अनुरोध गरिने छ । साथै प्रदेश सरकारको योजनामा थापाठानाको खुमदेखि यसैवर्ष कालोपत्रे सडक शुरु गरिने छ । हिलेखोला, कार्कीनेटा, थापाठाना, पोखराचौर, पानीटंकी, जैमिनि, कुश्मीसेरा, गलकोट सडक अन्तर्गत यसै वर्ष पानीटंकीसम्म कालोपत्रे गर्न प्रदेश सरकारको बजेटमा बहुवर्षे बनाई अगाडी बढाइने छ । संघ र प्रदेश सरकारको वार्षिक बजेटमा परेका अन्य बिभिन्न महत्वपुर्ण सडकहरु पनि कालोपत्रे तथा स्तरोन्नतीको काम अघि बढाइने छ । संघ, प्रदेश सरकार र नगरपालिकाको आर्थिक लगानीमा आगामी चार वर्षभित्र सबै वडा कार्यालयसम्म पुग्ने सडक कालोपत्रे गरी वडाबासीहरुलाई सहज आउजाउमा सुविधा पुऱ्याइने छ । शहरी शासकीय पुर्वाधार विकास आयोजनाको सम्झौता रकम र अवधि समेत सकिएको भए पनि नगरको पुर्वाधार निर्माणका कार्यहरु अधुरै रहेकोले नगरका पुर्वाधार अगाडी बढाउन तथा नगरबासीहरुको जनस्तरमा सकारात्मक प्रभाव पार्ने उक्त कार्यको निरन्तरताका लागि शहरी विकास मन्त्रालयको सहयोगमा विश्वबैंक संग सहकार्य गर्नेगरी थप समय र रकम व्यवस्था गराई उक्त कार्यक्रमलाई निरन्तरता दिनका लागि सहकार्य गर्ने निती लिइने छ ।

नगर सभा सदस्यहरू,
फलेवासी आमाबुबा, दाजुभाइ तथा दिदी बहिनीहरू ।

अव म फलेवास नगर कार्यपालिकाको यस वर्षको नीति तथा कार्यक्रम सम्मानित नगर सभा समक्ष विषयगत रूपमा प्रस्तुत गर्दछु ।

पूर्वाधार विकास

**६.** पूर्वाधारको विकास विना जनताका आवश्यकता पुरा गर्ने कार्यको सुरुवात समेत गर्न सकिदैन । सबै विकास योजनाहरू पूर्वाधार विकासमा नै आधारित हुन्छन् । यसै मर्मलाई आधार मानी फलेवासका प्रत्येक बस्तीमा बाह्रै महिना सञ्चालन हुनेगरी सडक सञ्जालको विस्तार तथा स्तरोन्नति भइरहेको छ । यसलाई निरन्तरता दिँदै यसै वर्षसम्म नगरभित्रका सबै सडक बाह्रैमहिना सञ्चालन हुनेगरी स्तरोन्नती गरिने छ ।

नगरपालिकाका प्रमुख  सडकहरू आगामी चार वर्षभित्र ग्राभेल तथा कालोपत्रे गरिसक्ने गरी यसै वर्षबाट नै कार्यक्रम सञ्चालन गर्न सङ्घीय सरकार, प्रदेश सरकारसँग समन्वय र सहकार्य गरिनेछ ।

७. आ.व.२०७९।०८० मा भित्री चक्रपथ अन्तर्गत लमायखोला लिमिठाना ठानामौला बेतेहेनी भगरा थापाठाना खण्डको लमायखोला लिमिठाना ठानामौला बेतेहेनी स्तरउन्नति तथा कालोपत्रे गर्ने कार्य अगाडि बढाइएको छ । उक्त सडक स्तरोन्नतीको कार्य बिस्तार गर्दै लिमिठाना, ठानामौला, बेतेहेनी भंगरा हुँदै थापाठानासम्म पुऱ्याइने छ । बगाले, बजारमारा, जसुखर्क, सल्यानधारा, घन्तरी, लामे, सात्ले, श्रीकाङ, बाच्छाखोला सडक तथा भित्रि र बाहिरी चक्रपथलाई स्तरोन्नती तथा सुधार गरिनेछ । नगरका सडकहरुको दायाँबायाँ किनारमा धुपी, कपुर, आँप, लिची, कटहर जस्ता हावापानी सुहाउँदा फलफुलका बिरुवा रोपेर हरित सडकको रुपमा सौन्दर्यीकरण गरिनेछ । यसबाट नगरबासीको आम्दानीमा समेत बढोत्तरी हुनेछ । नगरका सडकहरूको स्तरोन्नतिका लागि शहरी शासकीय पूर्वाधार विकास आयोजनाका साथै नगरपालिकाको आफ्नै स्रोत साधन समेत विनियोजन गरिनेछ ।

८. अन्य सबै बस्ती र वडा कार्यालय जोड्ने सडकहरूमा पक्की नाली बनाउने र ग्राबेल हाल्ने कार्य सम्पन्न गरी बाह्रै महिना सुचारु हुनेगरी स्तउन्नति गरिनेछ । आवश्यकताका आधारमा सबै बस्तीहरूमा सडक सञ्जाल विस्तार गरिनेछ । यसका लागि नगरका मेसिनहरूको पूर्ण उपयोग गरिनेछ । नगरको गिटी, ग्राबेलको पूर्ण उपयोग गर्न नगरले आफ्नै  ट्याक्टर, टिपर, रोलर जस्ता मेसिनहरू खरिद गरी छोटा बस्ती जोड्ने सडकको स्तरोन्नति गरिनेछ ।

९. नगरका महत्वपुर्ण सडकका रुपमा रहेका पाङराङ-नेपाने-अम्डी हुँदै भोक्सिङ सडक, ठानामौला-घन्तरी-लुङ्खु सडक, तातोपानी-रुग्दी-चुचुनदेउराली सडक, श्रीकाङ-सिउराँस-सुलिकोट हुँदै भोक्सिङ सडक, भुजेलस्वाँर, बालालहरी, टिमुरबोट, चाम्लेखोल्सा, राममन्दिर, घोप्टेचौर, कार्कीनेटा हुँदै पुवाडाँडा, पाङराङ-नुवाँखर्क-कुर्घाडाँडा-लिमिठाना-ठानामौला, मेलपोखरी-शंकरपोखरी, चितीपानी-जैमिनिघाट लगायतका सडकको निर्माण तथा स्तरोन्नतीका लागि आवश्यक समन्वय र साझेदारी गरिने छ ।

१०. विश्वपरिचित ऐतिहासिक तथा पौराणिक कालीगण्डकी नदीको संरक्षणका लागि आवश्यक स्थानमा बाँध बाँध्ने लगायतका संरक्षणका कार्यक्रम सञ्चालन गरिनेछ । कालीगण्डकी घाटहरूको संरक्षणमा स्थानीय समुदायलाई जिम्मेवार बनाइनेछ । बस्ती र प्रत्येक टोलबाट मृत व्यक्तिको अन्तिम संस्कार लगायत अन्य धार्मिक कार्यका लागि कालीगण्डकी जाने आउने परम्परागत गोरेटा बाटाहरूको स्तरउन्नति गरिनेछ । कालीगण्डकीका प्रमुख घाटहरूमा मलामी विश्राम गृह निर्माण कार्यको सुरुवात गरिनेछ ।

११. विकास उपयोग गर्न सक्ने गरी पहुँचयोग्य हुनुपर्छ । प्रत्येक टोल, वडाका नागरिकहरूको सेवा प्राप्ति र बजारीकरणका लागि वडा कार्यालय, नगरपालिकाको केन्द्र, जिल्ला सदरमुकाम र प्रदेश राजधानीमा सहजरुपमा आवागमनका लागि नगरपालिकाले पाङराङ-खानीगाउँ-कुश्मा सडक, देविस्थान- खानीगाउँ- लिमीठाना- ठानामौला- भँगारा- थापाठाना- कार्कीनेटा सडक,  कार्कीनेटा- थापाठाना- पत्यार- भिडावारी- नुवार- मुडिकुवा- देविस्थान- खानीगाउँ सडक,  शंकरपोखरी- रुग्दी-मुडिकुवा सडक, कार्किनेटा-थापाठाना-शंकरपोखरी पोखराचौर-खानीगाउँ-देविस्थान सडक लगायतका अन्य आवश्यक स्थानमा नगरबस वा सडक र स्थानीयबासीको आवश्यकता अनुसार जीप सञ्चालनका लागि प्रोत्साहन गरिनेछ । यसले नगरबासीहरूले आवागमनमा भोगिरहेको वर्षौदेखिको दुःख, हैरानीको अन्त्य हुने विश्वास लिएको छु । साथै, टोल टोलमा उत्पादन भएको कृषि उपजको बजारिकरणका लागि पनि यो सहायक सिद्ध हुनेछ ।

१२. स्थानीय सरकारको अवधारणा अनुसार नागरिकलाई प्रदान गर्ने सेवा सहज, छिटो, छरितो र गुणस्तरीय रुपमा प्रवाह गर्न नगरपालिकाको प्रशासकीय भवन निर्माण यसै आर्थिक वर्षभित्र सम्पन्न गरी आउँदो वर्षदेखि सोहि नयाँ भवनबाट सेवा प्रवाह शुरु गरिनेछ । बाँकी रहेका वडा कार्यालयहरू निर्माण, भइरहेकाको मर्मत र वडा कार्यालयको लागि आवश्यक अन्य पूर्वाधार जस्तै सडक, गाडी पार्किङ, सेवाग्राही विश्रामस्थल आदिको निर्माणकार्यलाई निरन्तरता दिँदै आगामी ३ वर्षभित्र सबै वडा कार्यालयहरुलाई प्रविधिमैत्री र नागरिकमैत्री कार्यालयका रुपमा विकास गरिनेछ । सबै सरकारी संरचना प्रविधिमैत्री, अपाङ्गमैत्री, बालमैत्री र महिलामैत्री हुनेछन् ।

१३. स्वास्थ्य पूर्वाधारको रुपमा रहेका सम्पूर्ण स्वास्थ्य चौकीहरूको पूर्वाधार निर्माण तथा भइरहेका स्वास्थ्यचौकीहरुको स्तरोन्नतीको कार्यलाई आवश्यकता अनुसार निरन्तरता दिइनेछ । आवश्यक स्थानमा सामुदायिक भवन, क्रियापुत्री भवन र विभिन्न क्लवहरूका भवनका लागि आवश्यक अनुदान उपलब्ध गराइनेछ ।

१४. कालीगण्डकीको जलासयलाई जलविद्युत उत्पादन, पर्यापर्यटन, धार्मिक पर्यटन, साहसिक पर्यटन, मत्स्यपालन, पानी लिफ्टिङ गरी माथिल्लो समथर भागमा सिंचाइ विस्तार लगायतका कार्यक्रम सञ्चालन गर्न अन्तरपालिका तथा अन्तरसरकार सहकार्यलाई अगाडि बढाइनेछ ।

१५. लमाय खोलामा जलाशयको निर्माण गरी लमाय र चर्चित डहरेदेउरालीसंग जोडेर लमायखोला-डहरेदेउराली बहुउद्धेश्यीय परियोजनाको सम्भाव्यता अध्ययन गरिनेछ । सोको लागि प्रदेश सरकारसंग सहकार्य गरिनेछ । लिफ्ट सिंचाइ तथा खानेपानी, विद्युत उत्पादन, साहसिक र मनोरञ्जनपूर्ण पर्यटन, मत्स्यपालनको विकास गरी लमायखोला व्यावसायिक उपयोग योजनाको सुरुवात गरिनेछ ।

१६. नगरभित्र आवश्यक र पायक पर्ने स्थानमा बसपार्कहरूको निर्माण, स्तरोन्नति गरी बहुउपयोगी केन्द्रको रुपमा विकास गरिनेछ । देविस्थान, कार्कीनेटा लगायतका स्थानहरुमा बसपार्कहरुको निर्माणलाई अघि बढाइनेछ ।

१७. फलेवासमा निर्माण हुन बाँकी रहेका वडा कार्यालय तथा अन्य सरकारी निकायहरुका लागि आवश्यक जग्गा उपयुक्त स्थानमा व्यवस्थापन गरिनेछ ।

१८. देविस्थानमा निर्माणाधीन फलेवास रङ्गशालालाई गण्डकी प्रदेशको पोखरा पछिको दोस्रो ठूलो रङ्गशाला तथा ठानामौला खेलमैदान निर्माण गर्नेगरी सङ्घ र प्रदेश सरकारसँग सहकार्य गरिनेछ । यसका लागि नगरले पनि आवश्यक लगानी गर्नेछ । आगामी चार वर्ष भित्रमा प्रत्येक वडामा कम्तिमा एउटा खेलकुद मैदान निर्माण गरिनेछ ।

१९. सङ्घ सरकार र प्रदेश सरकारको साझेदारीमा मुडिकुवाको अम्बोटमा एक सुविधा सम्पन्न सिटिहल निर्माणका लागि आवश्यक कार्य अगाडि बढाइनेछ । त्यसैगरी नगरमा औद्योगिकग्रामको स्थापनाको लागि फलेवास-५ खानीगाउँमा रहेको घोरेढुङ्गामा शुरुआत गरिनेछ ।

२०. आवतजावतमा सहजीकरण गर्नका लागि नगरपालिकाका नदी तथा खोलाहरूमा आवश्यक झोलुङ्गे पुल निर्माणको लागि सङ्घ र प्रदेश सरकारसँग साझेदारी गरिनेछ । यसै वर्ष यस आ.व.मा समावेश गरिएका पुलहरू सम्पन्न गरिनेछ । चार वर्षभित्र आवश्यक सबै स्थानमा झोलुङ्गे पुल निर्माण कार्य सम्पन्न गरिनेछ ।

२१. फलेवास नगरपालिकाको गौरवको योजनाका रुपमा निर्माणाधीन मनमोहन शान्ति वाटिकाको निर्माण कार्यलाई वातावरण मैत्री तवरले सम्पन्न गरिनेछ । यसका लागि जग्गाको भोगाधिकार लिने प्रकृया अघि

बढिसकेकोले छरितो रुपमा सम्पन्न गरी उक्त बाटिकाको निर्माणकार्य प्रदेश सरकार, सङ्घ सरकार र अन्य विषय क्षेत्रगत निकायसँगको सहयोगमा सम्पन्न गरिनेछ ।

**२२.** देविस्थानमा शहिद परिवारले उपलब्ध गराएको जग्गामा सहिदहरुको योगदान नेपाली मौलिक कला, र संस्कृति झल्कने गरी शहिद पार्क निर्माण गरिनेछ ।

**२३.** जोखिममा रहेको बस्ती तथा घरको लागि संरक्षण अभियान सञ्चालन गरिनेछ । अति जोखिम बस्ती तथा घर पहिचान गरी सुरक्षित स्थानमा स्थानान्तरण गर्नको लागि सम्भाव्यता अध्ययन गरिनेछ ।

**२४.** प्रत्येक नगरवासी नागरिकलाई नाना, छाना र मानाको ग्यारेन्टी गर्ने हाम्रो लक्ष्य छ । नगरभित्रका घरवारविहीन व्यक्तिहरूको लगत संकलन गरी उनीहरूको आवास व्यवस्थापनका लागि सहयोग गरिनेछ ।

**२५.** बजार क्षेत्रको विकास र बजार पूर्वाधार विकासका कार्यक्रमलाई प्राथमिकता दिइनेछ । आवश्यक पर्ने र मुख्य बजारक्षेत्रमा सोलार बत्ती जडान गरिनेछ । बजारका सबै सडकहरूमा नाली व्यवस्थापनको कार्यलाई तिब्ररुपमा अघि बढाइनेछ ।

**२६.** नगरको केन्द्र तथा जिल्ला सदरमुकाममा सवारी सहजीकरणका लागि सङ्घ र प्रदेश सरकारको साझेदारीमा नगरभित्रका बिभिन्न खोलानदीहरुमा आवश्यक पर्ने स्थानमा मोटरेबल पुल निर्माणकार्यलाई अघि बढाइनेछ । मल्याङ्दीखोलाको सिसाठाँटीमा मोटरेबल पुलका लागि बजेटको व्यवस्थापन भइसकेकोले प्रदेशसरकारको सहयोगमा यस आर्थिक वर्षभित्रै बहुवर्षे योजना बनाई निर्माणकार्य शुरु गरिने छ ।

**२७.** ग्रामीण क्षेत्र जोडिएर बनेको यस फलेवास नगरपालिका क्रमशः बजारउन्मुख हुँदै जाँदा फोहोर उत्पादन पनि बढ्ने भएकोले सोको दीर्घकालीन व्यवस्थापनका लागि फोहोर विसर्जन केन्द्रको सम्भाव्यता अध्ययन कार्यको सुरुवात गरिनेछ । फोहोरलाई स्रोतमा नै वर्गीकरण गरी उपयोग गर्ने सम्बन्धमा सचेतना कार्यक्रम सञ्चालन गरिनेछ ।

**२८.** नगरमा रहेका पुरातात्विक घरहरूको लगत संकलन गरिनेछ । पुरातात्विक महत्वको आधारमा तिनीहरूको वर्गीकरण गरी संरक्षण कार्यक्रममा सहयोग गरिनेछ ।

**२९.** ‘मुहानदेखि मुखसम्म शुद्ध खानेपानी’ भन्ने मन्त्रसहित सङ्घ र प्रदेश सरकारको साझेदारी तथा नगरपालिकाको आफ्नै लगानीमा चार वर्षभित्रमा नगरका सबै घरहरूमा एक घर एक धारा कार्यक्रम सम्पन्न गरिनेछ । पानीका मुहानहरूको संरक्षण गरिनेछ । सम्भावना भएका र आवश्यक स्थानमा लिफ्ट खानेपानी र वोरिङ खानेपानी योजना सञ्चालन गरिनेछ । स्वच्छ र सफा खानेपानीमा सबै नगरवासीको पहुँच स्थापित गरिनेछ ।

**३०.** सामुदायिक विद्युतिकरणलाई नेपाल विद्युत प्राधिकरणको माताहतमा ल्याउन आवश्यक सहयोग र सहजिकरण गरिनेछ ।

**३१.** हालै पहिरोका कारण थापाठाना माध्यमिक विद्यालयको भवनमा पहिरोले क्षति पुऱ्याएकोमा उक्त विद्यालयका क्षतीग्रस्त संरचना पुननिर्माणलाई प्राथमिकतामा राख्दै पहिरो नियन्त्रणमा जोड दिइने छ ।

नगर सभा सदस्यहरू,

फलेवासी आमाबुबा, दाजुभाइ तथा दिदी बहिनीहरू ।

आर्थिक विकास

**३२.** आर्थिक विकासका अस्वभाविक योजना फलेवास नगर सरकारले जनता समक्ष लैजाने आँट गरेको छैन । व्यक्ति, समुदाय, समाज, बस्तीको आर्थिक अवस्था फरक फरक भएकोले सबैलाई एउटै मोडेलबाट विकासमा समाहित गर्न सकिदैन भन्नेमा हामी स्पष्ट छौं । तसर्थ यो नगर सरकारले आर्थिक विकासको बहुआयामिक कार्यक्रम सञ्चालन गर्नेछ ।

**३३.** पर्यटकीय तथा गण्डकी प्रदेशको राजधानी पोखरा र हाम्रो छिमेकी पालिका कुश्माले हालैका वर्षहरूमा पर्यटन प्रवर्द्धनमा गरेको योगदान र मोडेल हाम्रो लागि पनि अनुकरणीय हुन सक्छ । पर्यटकीय संरचना निर्माणमा निजी क्षेत्र र सामुदायिक क्षेत्रको योगदान महत्वपूर्ण रहन्छ । पोखरा र कुश्मा आउने पर्यटकको केही अंशमात्र हामीले फलेवासमा आकर्षण गर्न सक्यौं भने पनि हाम्रो पर्यटनको योजना सफल हुन्छ । यसका लागि नयाँपुल-पन्चासे-डहरे-सिरुवारी पदमार्गको विकास सम्भावनाको खोजी गरिनेछ । त्यस्तै कुश्मा-शंकरपोखरी-थापाठाना-कार्कीनेटा-वयाले-चिसापानी हुँदै पाङराङसम्मको पदमार्गको विकास गरी ती पदमार्गका बीच बीचका स्थानहरूमा होमस्टे, स्थानीय उत्पादनका बजार, साँस्कृतिक केन्द्रहरूको स्थापनाको लागि सम्भाव्यता अध्ययन गरिनेछ । पदमार्ग वरपर फूलका बगैंचा, पार्क निर्माण कार्यलाई प्राथमिकतामा राखिनेछ । प्रदेश सरकारसंगको साझेदारीमा लमायखोला-डहरेदेउराली पर्यटकीय क्षेत्रको पुर्वाधार विकासका लागि बिस्तृत परियोजना प्रतिबेदन (डिपिआर) तयार गरी त्यसबाट बहु आयामिक लाभ लिनेगरी काम अघि बढाइनेछ ।

**३४.** कालीगण्डकीको धार्मिक महत्वको प्रचार प्रसार गर्ने साथै र्‍याफ्टिङ सञ्चालन गरी देशीय र अन्तरदेशीय पर्यटकलाई आकर्षण गर्न सकिन्छ । यसका लागि सङ्घ र प्रदेश सरकारसँग सम्भाव्यता अध्ययनका कार्यक्रम साझेदारीमा गरिनेछ ।

**३५.** डहरे, चिसापानी, अन्धाअन्धी, चक्रुफुलबारी, खानीगाउँको ज्यामीरे भगवती, कुर्घाको गायत्री आश्रम, ऐतिहासिक देविस्थान भगवती मन्दिर, ठानामौलाको भुमेकोट, सुलिकोट, पुर्कोट, भुमेकोट, बजारमारा, सातमुले, डान्सिङ्ग, मोदिवेणी, सत्तल, जैमिनी क्षेत्रजस्ता आन्तरिक पर्यटनको विकासका सम्भावना भएका स्थानहरूको पहिचान, सूचीकरण, विकास र प्रचारप्रसार गरिने छ । साथै डहरेदेउराली चिसापानी भैरमस्थान केवलकारको सम्भाव्यता अध्ययनको लागि निजी क्षेत्रसँग समन्वय गरिनेछ । भंगराको बजारमारा देबी मन्दिरको पुनःनिर्माण स्थानीय र अन्य सरकारसंगको साझेदारीमा यसै वर्षभित्रै सम्पन्न गरी उक्त मन्दिरलाई पर्यटकीय र आस्थाको केन्द्रका रुपमा विकास गरिनेछ ।

**३६.** देविस्थानको ऐतिहासिक सत्तलको विस्तृत परियोजना प्रतिवेदन तयार गर्ने काम सम्पन्न भइसकेको छ । सङ्घ सरकार र प्रदेश सरकारको सहयोग र समन्वयमा उक्त सत्तलमा मौलिक शैलीको धर्मशाला निर्माण गरिनेछ ।

**३७.** डहरे क्षेत्रमा गुरुकुल आश्रमको स्थापना गरी संस्कृतिको विकासका साथै धार्मिक पर्यटनमा जोड दिइनेछ । डहरे देउराली र यसको उचाइसँगै पाङराङसम्मको भूभागलाई जैविक पर्यटन एवम् आयुर्वेदिक जडिबुटी खेती प्रबर्धन गरी कार्कीनेटामा आयुर्वेद अध्ययन तथा अनुसन्धान केन्द्र एवम् पर्यटकीय क्षेत्रको रुपमा विकास गर्नको लागि साझेदारको पहिचान गरी सम्भाव्यता अध्ययन गरिनेछ ।

**३८.** खुम र ठानामौलाको होमस्टेको भौतिक पूर्वाधार निर्माण लगायत, सामाजिक, साँस्कृतिक विकासमा जोड दिई नगरकै साँस्कृतिक होमस्टेका रुपमा विकास गरिनेछ । अन्य पर्यटकीय सम्भावनाका स्थल वरपर होमस्टे सञ्चालन गर्न समुदायलाई प्रोत्साहन गरिनेछ ।

३९. नगरको केन्द्रमा तोकिएको मापदण्ड अनुसारको पहिलो होटल तथा लज स्थापना गर्ने व्यवसायीलाई प्रोत्साहनको व्यवस्था गरिनेछ ।  एक पटकका लागि लाग्ने व्यवसाय करमा छुट दिइनेछ । होटल लजसम्म पुग्ने बाटो, बिजुली लगायतका पूर्वाधारको विकास गरिनेछ ।

४०. नगरले तोकेका क्षेत्रमा  पर्यटकीय होटल लज सञ्चालन गर्ने, उद्योग व्यवसाय सञ्चालन गर्ने व्यक्तिलाई प्रोत्साहनको व्यवस्था गरिनेछ । त्यस्ता स्थलसम्म सडक, पानी, बिजुली जस्ता अत्यावस्यकीय पूर्वाधारको व्यवस्था नगरपालिकाले गर्नेछ ।

४१. नगरभित्रका कृषि उपजहरूको सुरक्षित संकलन र भण्डारण गरी बेमौसमी समयमा बजारमा लैजान र उत्पादित वस्तुको उच्च मुल्य प्राप्त गर्न नगरको उपयुक्त स्थानमा कृषि उपज तथा बीउ बीजन संकलन एवम् चिस्यान केन्द्रको स्थापनाको लागि निजी क्षेत्रसँगको सहकार्यमा सम्भाव्यता अध्ययन गरिनेछ । यसका लागि आवश्यक पर्ने जग्गा उपलब्ध गराउने कार्यमा नगरपालिकाले सहजीकरण गर्नेछ ।

४२. सुन्तला उत्पादन पकेटको रुपमा रहेको पाङराङ, कुर्घा, लिमीठाना, ठानामौला र भँगारा क्षेत्रलाई अझै विस्तार गरिनेछ । जसको लागि निःशुल्क बिरुवा तथा औषधी वितरण र सुन्तला बजारीकरणमा सहयोग गरिनेछ ।

४३. राष्ट्रिय फलफुल विकासकेन्द्र अन्तर्गतको <u>पहाडी क्षेत्र काष्ठफल तथा फलफूल विकास आयोजना</u> ( NAFHA) संगको सहकार्यमा फलेवासका हरेक वडाको माटो परिक्षण गरी माटो र हावापानी सुहाउँदो फलफुल, तरकारी तथा अन्य खेतीलाई प्रोत्साहन गरिनेछ । यो कार्यक्रम आगामी ७ वर्षसम्म निरन्तर सञ्चालन गरीने छ । जसले किसानहरुलाई फलफुलको व्यवसायीक उत्पादनमा कोशेढुङ्गा सावित हुनेछ ।

४४. कृषि प्राविधिकको सहयोगमा माटो परीक्षण गरी फलेवास नगरको भूगोल र हावापानी अनुसार आँप, लिची, कटहर, सुन्तला, केरा, किवी, दाँते ओखर आदि फलफूल  खेतीको लागि प्रोत्साहन गरिनेछ ।

४५. कृषि ज्ञानकेन्द्रसंगको सहकार्यमा आलु तथा तरकारीखेती बिस्तार कार्यक्रम सञ्चालन गरिनेछ ।

४६. किसानहरुलाई आवश्यकता अनुसार मौषमी तथा बेमौषमी तरकारी खेती, च्याउ, फलफुलखेती लगायतका तालिम दिई युवा किसानलाई दक्ष र व्यवसायिक बनाउने मुख्य दायित्व लिइनेछ ।

४७. निजी, सहकारी र सरकारी साझेदारीमा पाङराङमा बीउ संकलन केन्द्र र प्याकेजिङ केन्द्रको स्थापना गरी नगरस्तरीय ब्राण्डिङ गरी बजारीकरणमा सहयोग गरिनेछ । मुडिकुवामा रहेको सामुदायिक खाद्य प्रसोधन उद्योगलाई थप व्यवसायिक र क्षमता बिस्तारका लागि प्रोत्साहन गरिनेछ । नगरभित्रका कृषि उपजको प्रसोधन गरी ब्राण्डिङ तथा स्थानीयस्तरमा उपभोग गर्न अभियान सञ्चालन गरिनेछ ।

४८. व्यक्तिगत वा सामूहिक रुपमा ठूलो मात्रामा व्यावसायिक खेती गर्ने कृषकहरूलाई प्रविधि, प्राविधिक तथा बजारीकरणमा सहयोग गरिनेछ ।

४९. ‘वनको बाँदर वनमै’ भन्ने मन्त्रसाथ बाँदर, दुम्सी, मृग लगायतका वन्यजन्तुको प्रकोपबाट बालीनालीलाई संरक्षण गर्न जनावरको अधिकार (Animal Right) को समेत संरक्षण गरी आवश्यक प्राकृतिक उपाय अवलम्बन गरिनेछ । बाँदरको प्रकोप बढी भएका स्थानहरूमा सम्भाव्यताको आधारमा बाँदरले नष्ट नगर्ने किसिमका बाली जस्तै लसुन, प्याज, खुर्सानी, सुर्ती, अदुवा, बेसार, जौं, टिमुर, कटहर र कागती खेतीका लागि प्रोत्साहन गरिनेछ । जंगलमा फलफुलका बिरुवा रोप्ने कार्यलाई अभियानका रुपमा सञ्चालन गरिनेछ ।

५०. सबै खेतीयोग्य भूमिमा चार वर्षभित्रमा सिंचाइ सुविधा उपलब्ध गराइनेछ । नहर, लिफ्ट सिंचाइ, भुमिगत सिंचाई तथा साना सिंचाइ र थोपा सिंचाइलाई सम्भावनाका आधारमा स्थान विशेष अनुसार

प्राथमिकता दिइनेछ । फलेवास सिंचाइ आयोजनाको मर्मत सम्भार गरिनेछ । कालीगण्डकी लिफ्ट सिंचाई तथा मोदीखोला लिफ्ट सिंचाई आयोजना लाई प्रदेश सरकारसंगको सहकार्यमा यसै वर्षभित्रै अघि बढाइनेछ । नगरका सबै खेतियोग्य जमिन तथा फाँटहरूमा सिंचाइ सुविधाको पर्याप्तताको सुनिश्चितता गरिनेछ । यसको लागि नगरपालिकाले प्रदेश र सङ्घीय सरकारसँग सहकार्य गर्नेछ । लमायखोला लिफ्ट सिंचाइ आयोजना यस वर्ष सम्पन्न गरिनेछ । ठानामौला-लिमिठाना बृहत सिंचाई मर्मतसम्हार र बिस्तार गरिने छ । देविस्थानमा डीप बोरिङ सिंचाई सम्पन्न भइसकेकोले यसै वर्ष अन्य स्थानमा समेत प्रदेश सरकारको सहयोगमा डीप बोरिङ मार्फत सिंचाईको कार्यक्रमलाई बिस्तार गरिनेछ ।

**५१.** प्रदेश सरकारसंगको सहयोगमा नगरभित्र सञ्चालित लिफ्ट खानेपानी तथा लिफ्ट सिंचाईमा लाग्ने विद्युत महसुलमा छुट तथा निःशुल्क सुविधा प्रदान गरिनेछ ।

**५२.** फलेवास नगरपालिकालाई कृषि उत्पादनमा आत्मनिर्भर नगरपालिकाको रुपमा विकास गरिनेछ । धान, मकै, कोदो, गहुँ, जस्ता अन्नबालीका पकेट क्षेत्रको विकास गरिनेछ । फलेवासको तल्लो समथर भूभाग, शंकरपोखरी, थापाठाना, कुर्घा, पाङराङको समथर भूभागमा दलहन र तेलहन खेतीको पकेट क्षेत्र स्थापना गरिनेछ । त्यस्तै नगरपालिकाको कुर्घा, पाङराङ, लिमिठाना, ठानामौला, भँगारा, थापाठाना, शंकरपोखरी, कार्कीनेटा, मुडिकुवाको माथिल्लो भागमा फलफूल, टिमुर लगायतका जडिबुटी र तरकारी पकेट क्षेत्र विकास गरिनेछ ।

**५३.** नगरभित्र उत्पादन भएर पनि खेर गइरहेको कोदो तथा जंगलमा पाइने काफल, तिजु, चुत्रो, कटुस लगायतबाट घरेलु मदिरा उत्पादन गरी संघ तथा प्रदेश सरकारसंगको कानुनी प्रावधान बमोजिम घरेलु मदिराको ब्राण्डिङ, लेभलिङ र प्याकेजिङ समेत गरेर नगरभित्र उद्यमी र नगरको आम्दानी बृद्धी गर्न प्रोत्साहन गरिनेछ ।

**५४.** स्थानीय रैथाने बालीको संरक्षण एवं जीनबैंक स्थापना गरिनेछ । विद्यालय तहमा दिवा खाजालाई निरन्तरता दिँदै एक विद्यालय एक करेसाबारीको अवधारणा कार्यान्वयन गर्न विद्यालयलाई प्रोत्साहन गरिनेछ ।

**५५.** बाँझो जमिनमा अन्न, फलफुल, घाँस तथा अन्य आयमुलक खेती गर्नेलाई प्रोत्साहन गरिनेछ ।

**५६.** स्थानीय भूमि बैंकको स्थापना गरी खेर गइरहेको बाँझो जमिनको उपयोगको लागि कृषि फर्म, कृषि उद्योगको स्थापना गरिनेछ । प्रदेश र केन्द्र सरकारसंगको सहकार्यमा जग्गा चक्लाबन्दी गरी कृषि व्यवसाय गर्ने कृषकको लागि जग्गा चक्लाबन्दी प्रोत्साहन योजना कार्यान्वयन गरिनेछ ।

**५७.** कृषक प्रोत्साहन कार्यक्रम अन्तर्गत उत्पादनमा आधारित अनुदानलाई प्राथमिकता दिइनेछ । उत्पादन साथमा, अनुदान हातमा भन्ने नारासहित कृषि अनुदान प्याकेज प्रदान गरिनेछ । किसानको उत्पादनलाई बजारसम्म पुऱ्याउन नगरमा आवश्यकता अनुसार किसान क्लव गठन गरीनेछ । जसबाट किसानहरु संगठीन भई उत्पादन र बजारिकरणमा सहजिकरण गर्न मद्दत पुग्नेछ ।

**५८.** कृषिमा आधुनिकीकरण गरी व्यावसायिक कृषिको प्रवर्धन गर्न समूहमा आधारित कृषि यान्त्रीकरण कार्यक्रम सञ्चालन गरिनेछ । यान्त्रीक हलो, साना स्केलका धानकुट्ने, पिठो पिस्ने मेसिनका साथै अन्य आवश्यक मेसिनहरू लागत साझेदारीमा वितरण गरिनेछ । घरघरमा टनेल, घरघरमा तरकारी कार्यक्रम सञ्चालन गरी प्रत्येक घरमा कृषि प्राविधिक मार्फत मौसमी तथा बेमौसमी तरकारीको बीउ र प्राविधिक सेवा प्रदान गरिनेछ । स्थलगत बाली संरक्षण कार्यक्रम, कृषि बीमामा सहयोग कार्यक्रम सञ्चालन गरिनेछ ।

**५९.** समुह सहकारीलाई कृषि प्राविधिक कार्यक्रम सञ्चालन गरिनेछ । जसका लागि नगरले 'कृषिका जेटिए, गाउँगाउँमा भेटिए' कार्यक्रम सञ्चालन गरिने छ । जस अन्तर्गत पालिकाभित्रका अवकाशप्राप्त, कृषि प्राविधिकहरुलाई उनिहरुको सीप, क्षमता तथा बिज्ञताको अधिकतम उपयोग गर्न प्रोत्साहन गरिनेछ ।

**६०.** व्यावसायिक कृषि उत्पादनलाई प्रोत्साहन एवम् प्रवर्धन गरिनेछ । वृहत् कृषि अनुदान मार्फत त्यस्ता सहकारी, कृषि तथा पशु फर्महरूलाई प्रतिफलमा आधारित अनुदान वितरण गरिनेछ । कृषि उत्पादनको बजारीकरणका लागि प्रति एकाइ लागतमा आधारित साझेदारी ढुवानी अनुदान प्रदान गरिनेछ । गाउँमै कमाउने गाउँमै रमाउने वातावरणको सिर्जना गर्नका लागि 'मेरो लगानी मेरै प्रतिफल' कार्यक्रम सञ्चालन गरिनेछ । कृषि तथा पशुवस्तुको मूल्यश्रृंखला परियोजना कार्यक्रम सञ्चालनका लागि आवश्यकतानुसार साझेदारी गरिनेछ ।

**६१.** 'स्थानीय सरकार, रोजगारीको आधार' भन्ने नारासहित प्रधानमन्त्री रोजगार कार्यक्रमलाई यसै आर्थिक वर्ष कृषि र उत्पादनमूलक क्षेत्रहरूसँग जोडेर रोजगारी सृजना गरिनेछ । युवाहरुलाई रोजगार र आत्मनिर्भर बनाउन बिभिन्न सीपमुलक, रोजगारमुलक कार्यक्रम सञ्चालन गरिनेछ ।

**६२.** श्रमको सम्मान राष्ट्रको अभियानलाई सार्थकता दिन फलेवास नगरपालिकाको रोजगार रणनीति तर्जुमा गरी कार्यान्वयन गरिनेछ ।

**६३.** रोजगार सेवाकेन्द्रलाई आन्तरिकीकरण गरी यसमार्फत सीप विकास, उद्यमशीलता, श्रम स्वीकृतिमा सहजिकरण र रोजगार सम्बन्धी सेवाहरु एकिकृत रुपमा सञ्चालन गरनेछ । जसबाट श्रम स्वीकृतिका लागि लाग्ने समय र आर्थिक व्ययभार तथा झण्झट कम हुनेछ ।

**६४.** हाल सञ्चालित भैंसी तथा गाईपालन पकेटहरूलाई उत्पादनमा आधारित अनुदानका साथै प्राविधिक सेवा प्रदान गरिनेछ । नयाँ पकेटक्षेत्र स्थापनाको लागि प्रोत्साहनका कार्यक्रम ल्याइनेछ । यी क्षेत्रहरूमा दुग्ध प्रशोधन, ढुवानीका लागि सहयोग गरिनेछ । हाल दिइँदै आएको ढुवानी अनुदानलाई निरन्तरता दिइनेछ ।

**६५.** नगरले कार्यविधि निर्माण गरि पशुबीमाको कार्यक्रमलाई प्रोत्साहन गरिनेछ ।

**६६.** गाइभैंसीको जन्मदर्ता कार्यक्रमको शुरुवात गरिनेछ । पाडापाडी र बाच्छा बाच्छी  हुर्काउने कृषकलाई प्रोत्साहन स्वरुप गाई भैंसी सुत्केरी खर्चको व्यवस्था गरिनेछ ।

**६७.** नगरपालिकाको बिभिन्न पायक पर्ने स्थानमा फलफुल, डालेघाँस तथा जडिबुटीको नर्सरी स्थापनामा प्रोत्साहन गरिनेछ ।

**६८.** नगरमा रहेका सामुदायिक वन तथा बस्तीका सडक छेउछाउ र सार्वजनिक पर्ति जग्गामा अम्रिसो, खन्यू जस्ता डालेघाँस रोप्न बिरुवा निःशुल्क वितरण गरिनेछ । जसले गर्दा यी क्षेत्र वरपरका बस्तीहरूमा व्यवसायिक पशुपालनका लागि सहज हुनेछ ।

**६९.** रैथाने प्रजातिका गाई भैंसीका नश्लहरूको संरक्षण अभियान सञ्चालन गरिनेछ । स्थानीय जातका कुखुरापालन व्यवसायको प्रबर्द्धनमा जोड दिइनेछ ।

**७०.** पशुवस्तुमा देखिने लम्पीस्कीन लगायत बिभिन्न महामारीजन्य रोगहरुको नियन्त्रणका लागि स्थलगत जनचेतना अभिबृद्धी, खोप तथा उपचारमा तदारुकताका साथ (लम्पस्स्कीन लगायत महामारीजन्य रोगबाट पशुधनको क्षती भएका) किसानलाई सहयोग गरिनेछ ।

**७१.** व्यवसायिक दुध उत्पादनका लागि विकराल समस्याका रुपमा रहेको थुनेलो रोग नियन्त्रणका लागि अभियानका रुपमा स्थलगत कार्यक्रम सञ्चालन गरिनेछ ।

७२. जैविक विविधताको संरक्षण गर्दै स्थानीयताको संरक्षणलाई मर्ममा राखेर नश्ल सुधार कार्यक्रम सञ्चालन गरिनेछ ।

७३. पशुजन्य उत्पादन बढाउन र प्राकृतिक नश्ल सुधारका लागि उन्नत जातका राँगा तथा बोका बितरणमा प्रोत्साहन गरिनेछ ।

७४. पशु स्वास्थ्य तथा प्रयोगशाला सेवा कार्यक्रम मार्फत नगरभित्र रोग निदान तथा औषधोपचारका लागि आवश्यक सम्पूर्ण विधीहरु अपनाईने छ ।

७५. नगरभित्र पशुपालन पकेट क्षेत्रहरू स्थापना गर्न प्रोत्साहन गरिनेछ । समूहमा आबद्ध भई व्यक्तिगत रुपमा वा सामूहिक रुपमा पशुपालन व्यवसाय सञ्चालन गर्न सक्ने गरी सहजीकरण गरिनेछ । यस्ता पकेटहरूलाई डालेघाँस रोपण, नश्ल सुधारमा सहयोग, प्रतिफलमा आधारित अनुदान, निरन्तर र स्थलगत प्राविधिक सहयोगको व्यवस्था गरिनेछ ।

७६. नगरभित्र छाडा पशुवस्तुको व्यवस्थापनका लागि सम्बन्धीत पशुधनीलाई जिम्मेवार बनाउनुका साथै नगरले त्यस्ता पशुवस्तुको व्यवस्थापनका लागि पशु बृद्धाश्रमको व्यवस्थाका लागि आवश्यक पहल गरिनेछ ।

७७. माटेदेवल जनसहयोगी प्राविधिक तथा व्यावसायिक मा.वि.मा कृषि शिक्षामा अध्ययनरत छात्रछात्रालाई छात्रवृत्तिको व्यवस्था गरिनेछ । उनीहरूको प्राविधिक विषयमा निखारताको लागि निश्चित समयसम्म कृषकको खेतबारीमा गई कृषि सेवा दिनुपर्ने गरी प्रयोगात्मक अवधिको व्यवस्था गरिनेछ । जसले गर्दा कृषकलाई प्राविधिक सेवा र विद्यार्थीमा प्रयोगात्मक निखारता आउनेछ ।

७८. वैदेशिक रोजगारीबाट फर्केका युवाहरूलाई कृषि तथा पशुपालन व्यवसाय सञ्चालन गर्न प्रोत्साहन गरिनेछ ।

७९. नगरको उपयुक्त स्थानमा स्थानीय समुदायको माग र सम्भावना वमोजिम कृषि तथा पशु हाटबजारको स्थापना र सञ्चालनमा सहजीकरण गरिनेछ । नीजि क्षेत्रले त्यस्तो हाटबजार सञ्चालन तथा व्यवस्थापन गर्न चाहेमा त्यसका लागि नगरले आवश्यक सहयोग गर्नेछ ।

८०. स्थानीय श्रम र सीपको पहिचान, वर्गीकरण र विकास गरिनेछ । राष्ट्रिय सीप परीक्षण समितिसँगको सहकार्यमा स्थानीय सीप पहिचान, वर्गीकरण र विकास योजना सञ्चालन गरिनेछ ।

८१. श्रमिक कल्याणकारी कोष मार्फत श्रमिकहरूको पेन्सन योजनालाई निरन्तरता दिइनेछ ।

८२. युवाहरूमा स्वाबलम्बीपन विकासका लागि कार्यक्रम सञ्चालन गरिनेछ । शैक्षिक योग्यता, क्षमता, रुचिका आधारमा युवाहरूलाई प्रत्येक वडामा सीप विकास कार्यक्रम सञ्चालन गरिनेछ । सम्मानित रोजगारी सिर्जनाका लागि अन्तर पालिका र अन्तरसरकार सहकार्य गरिनेछ । कृषि, उद्योग, निर्माण र व्यवसायको क्षेत्रमा रोजगारी सिर्जनाका कार्यक्रम ल्याइनेछ ।

८३. सामाजिक सुरक्षा कोष मार्फत श्रमिकको योगदानमा आधारित निवृत्तिभरणको व्यवस्था गरिनेछ । एकल महिला तथा अपाङ्गता भएका नागरिकद्वारा सञ्चालित स्वरोजगारका हकमा ५० प्रतिशत योगदान नगर सरकारबाट हुनेछ । श्रमिकको भविस्यको साहारा, जीवनको सुरक्षा, स्वाबलम्बन र आत्मसम्मानको लागि यो सहायक सिद्ध हुनेछ ।

८४. परम्परागत पेशालाई सम्मानित पेशाको रुपमा विकास गरिनेछ । बालीघरे प्रथामा आरनको काम गर्दैआएका व्यवसाय र व्यवसायीलाई आधुनिकिकरण गरिनेछ । यसका लागि विद्युत महसुलमा सहुलियत दिनुका साथै आधुनिक उपकरण साझेदारीमा वितरण गरिनेछ । कपडा सिलाउने, छालाका सामानहरू निर्माण गर्ने,

पराल तथा बाँसका सामग्री निर्माण गर्ने ,दुना टपरी बनाउने, बत्ती कात्ने, जनै वनाउने जस्ता परम्परागत सीप र पेशालाई प्रोत्साहन गरिनेछ ।

**८५.** पन्चे लोकबाजाहरूको व्यावसायीकरण योजना ल्याइनेछ । पुरानो पुस्ताबाट नयाँ पुस्तामा सीप हस्तान्तरण गर्न आवश्यक तालिमको व्यवस्था गरिनेछ । बिवाह, ब्रतबन्ध लगायतका सामाजिक एवम् धार्मिक उत्सवहरूमा पन्चेबाजालाई प्रोत्साहन गरिनेछ । लागत साझेदारीमा बाजा वितरण, पोशाक वितरण गरिनेछ ।

**८६.** उद्यम विकास विना नागरिकको जीवनमा परिवर्तन देख्न सकिँदैन । उत्पादनदेखि बजारीकरणसम्मका चरणहरूमा नगरपालिकाले उद्यमीलाई सहजीकरण र सहयोग गर्नेछ । हाल सञ्चालित उद्योगहरूको स्तरोन्नतिका लागि प्रविधि एवम् बजारीकरणमा सहयोग गर्ने कार्यक्रम सञ्चालन गरिनेछ । राष्ट्रिय तथा अन्तरराष्ट्रिय क्षेत्रमा पहिचान स्थापना गर्ने उद्योग र त्यस्ता उद्यमी/उद्योगीलाई प्रोत्साहन प्याकेजको व्यवस्था गरिनेछ ।

**८७.** एक घर एक उद्यमी सिर्जना गर्न उद्यमशीलता कार्यक्रम सञ्चालन गरिनेछ । आत्मनिर्भर हुँदै क्रमशः व्यावसायीकरण तर्फका कार्यक्रम सञ्चालन गरिनेछ । स्थानीय उत्पादनमा आधारित उद्योगको विकासमा जोड दिइनेछ । लप्सीका विभिन्न परिकार बनाउने उद्योग, मकैका परिकार बनाउने उद्योग, दुग्ध परिकार उद्योग, सिलाई बुनाइ उद्योग, काष्ठकला उद्योग, ढुङ्गाबाट विविध सामग्री बनाउने उद्योग, बाँसजन्य सामग्री निर्माण उद्योग, कफि प्रशोधन उद्योगको स्थापना गर्न प्रोत्साहन गरिनेछ । यसका लागि सीप विकास तालीम, प्रविधि सहयोग, बजारीकरणमा सहयोग जस्ता कार्यक्रम सञ्चालन गरिनेछ ।

**८८.** निजी लगानीमा स्थापना भई कम्तीमा २० जनालाई रोजगारी दिने उद्योगहरूलाई कर छुटको व्यवस्थासहित प्रविधि सहयोग गरिनेछ । त्यस्तो उद्योगको लागि आवश्यक पूर्वाधार अन्तर्गत सडक, विद्युत, पानी आदिको व्यवस्थापन नगरले गर्नेछ ।

**८९.** सहकारी ऐन अनुसार एक व्यक्ति एक सहकारीलाई लागू गरिनेछ । सहकारीको माध्यमबाट कृषि एवम् उद्योगको विकासलाई प्रोत्साहन गरिनेछ । नगरमा स्थापना भएका सहकारीहरूको सघन नियमन मार्फत तिनीहरूको सामाजिक उत्तरदायित्व बहन गर्न जिम्मेवार बनाइनेछ । किसानसंग सहकारी, सहकारीमा रहेको पुँजीलाई आयआर्जन, उद्यम विकास र आर्थिक विकासमा केन्द्रित गर्ने वातावरण सृजना गरिनेछ ।

नगर सभाका सदस्यहरू,
फलेवासी आमाबुबा, दाजुभाइ तथा दिदी बहिनीहरू ।

सामाजिक विकास

**९०.** बालविकास केन्द्रका सहयोगी कार्यकर्ताहरू, विद्यालय सहयोगी, विद्यालय सहायक र सामुदायिक अध्ययन केन्द्रका सहयोगी कार्यकर्ताका लागि पारिश्रमिकमा अनुदानको व्यवस्था गरिनेछ ।

**९१.** तोकिएका विद्यार्थीहरूको पहुँचका लागि दिवा खाजा कार्यक्रम अगाडि बढाइनेछ । संघीय सरकारले कक्षा ६ सम्म दिँदैआएको दिवाखाजा चालु वर्ष कटौति गरेकोमा नगरकै स्रोतबाट उक्त कार्यक्रमलाई निरन्तरता दिइने छ । विद्यालयमा दिइने दिवा खाजामा स्थानीय उत्पादनको उपभोगलाई पहिलो प्राथमिकता दिँदै सातामा कम्तिमा दुई दिन नगरभित्रै उत्पादित अन्नका परिकारको पोशिलो खाजा खुवाउने व्यवस्था मिलाइनेछ । सामुदायिक विद्यालयका छात्राहरूको लागि सेनिटरी प्याड निःशुल्क वितरण गरिनेछ ।

९२. शिक्षामा गुणस्तरीयता र निरन्तरताका लागि असहाय विपन्न विद्यार्थी भर्ना अभियान, टिकाउ तथा सिकाउ स्टेशनरी सहयोग अभियान सञ्चालन गरिनेछ । विषयगत शिक्षक तालीम, प्रविधिमैत्री शिक्षक तालीम, संयुक्त शैक्षिक अनुगमन समिति, शिक्षक विद्यार्थी अन्तरक्रिया र विद्यालय शिक्षा सुधार कार्यक्रम सञ्चालन गरिनेछ ।

९३. सबै विद्यालयमा मापदण्ड अनुसारका गुणस्तरीय कक्षाकोठा, खेलमैदान, शौचालय, खानेपानी, सडक पूर्वाधारको पहुँचको व्यवस्था गरिनेछ ।

९४. नागरिक स्वास्थ्य र आरोग्यतालाई ध्यानमा राख्दै विद्यालय तहमा योग शिक्षा र योग शिविरलाई प्रोत्साहन गरिनेछ ।

९५. फलेवास नगरको विशिष्ठतालाई सम्बोधन गर्ने गरी स्थानीय पाठ्यक्रम अनुसार स्थानीय सन्दर्भ सामाग्रिको व्यवस्थापन गरी सोहिअनुसार पठनपाठन गराइनेछ । जसबाट बालबालिकाहरूमा नगरको कला, संस्कृति, साहित्य, भेषभूषा रहनसहन, सामाजिक अवस्थाको बारेमा जानकारी हुन गई स्थानीयताको प्रबर्द्धन हुनेछ ।

९६. विद्यालय तहमा खेलकुदको विकासका लागि प्रशिक्षक तथा खेल सामाग्रिको विकास गरी घुम्ती प्रशिक्षण सञ्चालन गरिनेछ । जसका कारण नगरले खेल क्षेत्रबाट राष्ट्रिय तथा अन्तराष्ट्रिय क्षेत्रमा समेत प्रतिष्ठा कायम राख्न सफल हुनेछ ।

९७. प्रविधिमा आधारित शिक्षण सिकाइ कार्यक्रमलाई प्रोत्साहन गरिनेछ । सार्वजनिक र निजी क्षेत्रसँगको सहकार्यमा विद्युतीय शिक्षण सिकाइ (e–learning)/स्मार्ट कक्षा मा जोड दिइनेछ । यसको लागि सामुदायिक विद्यालयहरूमा कम्प्युटर र इन्टरनेट सुविधाको विस्तार गरिनेछ । एक शिक्षक एक ल्यापटपको व्यवस्था गर्न प्रोत्साहन गरिनेछ । प्रविधिमैत्री शिक्षक तालीमको व्यवस्था गरिनेछ । वडा नं. १, २, ३ ७, ८ र ९ मा एकीकृत सामुदायिक विकास परियोजना साझेदारीमा सञ्चालन गरी गुणस्तरीय शिक्षामा जोड दिइनेछ ।

९८. माटेदेवल जनसहयोगी प्राविधिक तथा व्यवसायिक मा. वि. मा कृषिमा स्नातक तह सञ्चालनका लागि सहजीकरण गरिनेछ । भवानी विद्यापीठ मा. वि. मा सञ्चालित विज्ञान संकायलाई थप सबलीकरण गरिनेछ । नगरकै विज्ञान विषय अध्ययन केन्द्रको अलवा कम्प्यूटर विज्ञान अध्ययनको लागि उच्च शिक्षाको हवका रुपमा विकास गरिनेछ । विज्ञान छात्रबृत्तीको व्यवस्था गरीने छ ।

९९. नगरका प्राविधिक धारका विद्यालयहरुमा सातामा एक दिन सम्बन्धित क्षेत्रमा २० वर्षभन्दा धेरै समय काम गरेका अनुभवी कृषक, ज्यामी, कामदार, कालीगढ लगायतको अनुभव शिक्षण सिकाइका रुपमा आदानप्रदानको शुरुआत गरिनेछ । जसबाट कामप्रतिको सम्मान गर्ने अवसरको सृजना हुनेछ । मजदुर-इन्जिनियर, किसान-कर्मचारी बिच सबैका काम र पेसाप्रतिको सम्मान गर्ने वातावरणको विकास हुनेछ ।

१००. विद्यालयमा निर्माण भएको भौतिक पूर्वाधारको सदुपयोग र गुणस्तरीय शिक्षा प्रबर्द्धनमा जोड दिँदै आवश्यकताका आधारमा गुणस्तरीय भौतिक पूर्वाधार निर्माण कार्यलाई अगाडि बढाईनेछ ।

१०१. अनौपचारिक शिक्षा एवम् वैकल्पिक शिक्षा मार्फत् निरन्तर सिकाइलाई जोड दिइने छ । हाल सञ्चालित सामुदायिक अध्ययन केन्द्रलाई नगरका क्रियाकलाप तथा नगरबासीको आर्थिक गतिविधिसँग आवद्ध गरी सामाजिक जागरण, सीप विकास तथा साक्षरता केन्द्रको रुपमा विकास गरिनेछ ।

१०२. अङ्ग्रेजी माध्यमबाट शिक्षणका लागि के.जी. कक्षादेखि नै पाठ्यपुस्तक अनुदानको व्यवस्था गरिनेछ । प्रविधिमैत्री शिक्षक तालीमको व्यवस्था गरिनेछ । नगरबाट सञ्चालित सबै किसिमका शैक्षिक तालीममा निजी विद्यालयहरूलाई समेत समान सहभागी गराइनेछ ।

१०३. शिक्षाको गुणस्तर अभिवृद्धि गर्न र शिक्षक अभिभावक र विद्यार्थीको त्रिकोणात्मक सम्बन्धलाई प्रगाढ बनाउन शिक्षक अभिभावक सङ्घलाई थप क्रियाशील वनाइनेछ । प्रत्येक विद्यालयमा विषय शिक्षक र अभिभावकको मासिक अन्तरक्रिया नगरपालिकाको सहजीकरणमा सञ्चालन गरिनेछ । बालबालिकाहरुका लागि संवैधानिक हक अन्तर्गत हरेक विद्यालयमा स्वच्छ पिउने पानीका लागि युरोगार्डको व्यवस्था गरिनेछ ।

१०४. पर्वत बहुमुखी क्याम्पस, अन्नपूर्ण सामुदायिक क्याम्पस तथा शंकरपोखरी क्याम्पसको भौतिक तथा शैक्षिक पूर्वाधार विकासमा जोड दिइनुका साथै सञ्चालन अनुदानको व्यवस्था गरिनेछ ।

१०५. नगरभित्र कुनै विद्यालय वा सार्वजनिक संस्थाको छनोट गरी स्थानीय कला, संस्कृति, पेसा, सामाजिक संरचनात्मक परिवेश झल्किनेखालको सामाजिक संग्रालयको निर्माण गरिनेछ । उक्त संग्रालयलाई नगरको स्थानीय कच्चा पदार्थ, सीप, कौषलता लगायतले सुसज्जित बनाई त्यसलाई सीप बैंक र सिकाइकेन्द्रको हवका रुपमा विकास गरिनेछ ।

१०६. विद्यालय एवम् समुदायमा पठनशीलताको विकासका लागि मोती सामुदायिक पुस्तकालयलाई प्रयोग गरिनेछ । पुस्तकालयको गुणस्तर अझै अभिवृद्धि गर्न आवश्यक सहजीकरण र सहयोग गरिनेछ । वर्षको एक पटक प्रत्येक वडा केन्द्रहरूमा घुम्ती पुस्तकालय मार्फत पठनशीलता जागरण कार्यक्रम मोती पुस्तकालय मार्फत् गरिनेछ ।

१०७. प्रसूति सट्टा शिक्षकको व्यवस्था गरिनेछ । आवश्यकता र औचित्यतताका आधारमा शैक्षिक गुणस्तर वृद्धि गर्न  शिक्षक दरबन्दी मिलान र सरुवा गरिनेछ ।

१०८. विद्यालयमा अभिावकको निगरानी बढाई शैक्षिक गुणस्तर सुधार्नका लागि नगर नमुना विद्यालय छनोट गरी सिसि टिभीको व्यवस्था गरिनेछ । प्रभावकारिताको मुल्याङ्कन गरी आवश्यक ठानेमा आगामी ४ वर्षभित्र नगरका सबै विद्यालयहरुमा सिसि टिभी जडान गरिसकिनेछ ।

१०९. विद्यार्थीहरूमा सुसुप्त अवस्थामा रहेको प्रतिभालाई उजागर गर्न विविध विधामा विद्यार्थी प्रतिभा पहिचान र प्रोत्साहन कार्यक्रम सञ्चालन गरिने छ ।

११०. उच्च शिक्षामा प्राविधिक विषय अध्ययन गर्ने (एम.वि.वि.एस., इन्जिनियरिङ, कृषि, भेटेरिनरी आदि) नगरपालिकाका छात्रछात्रालाई वार्षिक रुपमा प्रोत्साहन छात्रवृत्तिको व्यवस्था गरिनेछ । यसका लागि कार्यपालिकाबाट मापदण्ड बनाइनेछ ।

१११. लिमिठाना मा.वि. मा सञ्चालित कानून र थापाठाना माविमा सञ्चालित व्यवस्थापन विषय तथा शंकरपोखरीको राम माविमा अध्ययनको सवलीकरण गरिनेछ । यसका लागि प्रचारप्रसार, शिक्षक अन्तरक्रिया कार्यक्रम सञ्चालनका साथै विद्यालयलाई शैक्षिक अनुदानको व्यवस्था गरिनेछ ।

११२. नगरपालिकाबाट तोकिएको मापदण्ड पूरा गरी S.E.E. परीक्षामा नगरमा उच्च नतिजा प्राप्त गर्ने नगरका माध्यमिक विद्यालयका विषयगत शिक्षकहरूलाई शिक्षा दिवसको अवसरमा उत्कृष्ट विद्यालय शिक्षक पुरस्कार प्रदान गरी प्रोत्साहन गरिनेछ । शैक्षिक गुणस्तर प्रबद्धनमा सहयोग गर्ने विद्यालय व्यवस्थापन समिति, शिक्षक अभिभावक सङ्घका साथै नगरभरिमा उत्कृष्ट नतिजा ल्याउने विद्यार्थीलाई प्रोत्साहन गरिनेछ । नगरभित्र कम्तिमा ३० वर्ष निरन्तर सेवा गर्ने शिक्षकहरुलाई दीर्घसेवा सम्मान मार्फत सम्मान गरिनेछ ।

११३. सबै नगरबासीलाई सर्वसुलभ ढङ्गले आधारभुत स्वास्थ्य सेवाको पहुँच तथा गुणस्तरिय स्वास्थ्य सेवा प्रवाह गर्न संघीय, प्रदेश सरकार, राष्ट्रिय तथा अन्तराष्ट्रिय गैरसरकारी संघ संस्था संगको समन्वय तथा साझेदारीमा स्वास्थ्य सम्बन्धी कार्यक्रमहरु कार्यान्वयन गरिनेछ ।

**११४.** सबै वडाका स्वास्थ्य संस्थाहरूमा नेपाल सरकारले तोकेका निशुल्क औषधिहरूको अभाव हुन नदिन अत्यावस्यक औषधि व्यवस्थापनका लागि आवश्यक बजेट बिनियोजन गरिने छ । सबै बर्थिङ्ग सेन्टरहरूबाट घाऊ चोटपटक लाग्दा निशुल्क टि.टि. (टिटानस बिरूद्धको) खोप सेवा थप गरिने छ ।

**११५.** राष्ट्रिय कार्यक्रमहरू जस्तै खोप सेवा, मातृ तथा नवशिशु सेवा, रोग नियन्त्रण, बालबालिकाहरूको बृद्धि अनुगमन सेवा, पोषण कार्यक्रम, कार्यान्वयनका लागि एकिकृत कार्यान्वयन कार्ययोजना मार्फत संघ, प्रदेश सरकार संग समन्वय तथा साझेदार संस्थाहरूलाई समेत परिचालन गरिने छ ।

**११६.** महिलाहरुको स्वास्थ्य परिक्षण र सुरक्षणका लागि नगरपालिका भित्रका सबै बडामा पाठेघरको मुखको क्यान्सर स्कृनिङ्ग (भि आइ.ए.) जाँच, स्तन क्यान्सर स्कृनिङ्ग, आङ्ग खस्ने समस्या हरूको जाँच शिविर सञ्चालन गरी रोगको पहिचान, उपचार र परामर्श दिई महिलाहरुको स्वास्थ्य प्रर्वधनमा जोड दिइने छ ।

**११७.** कमजोर सेवा प्रभाव भएका बर्थिङ्ग सेन्टरहरूको सेवा एकिकृत गरि गुणस्तर सुधार गर्न प्रभावकारी प्रेषण प्रणालिको विकास गरिने छ । यसका लागि वानहार्ट बल्डवाइड संगको साझेदारीमा नगरपालिका स्तरमा सुत्केरी प्रेषण कोषको स्थापना गरिनेछ । सुत्केरी प्रेषण कोषको परिचालन निःशुल्क रूपमा जोखिमयुक्त गर्भवति तथा सुत्केरी प्रेषणका लागि स्वास्थ्य संस्थाको सिफारिसमा नगरपालिका तथा वडाबाट संचालित एम्बुलेन्स मार्फत गरिनेछ ।

**११८.** सबै स्वास्थ्य चौकीको न्यूनतम सेवा मापदण्ड अनुसार तोकिएको भौतिक पुर्वाधार, फर्निचर, संचार, खानेपानी, सरसफाइ तथा फोहोर ब्यवस्थापनको ब्यवस्था मिलाइने छ । बर्थिङ्ग सेन्टर गुणस्तर सुधार तथा न्युनतम सेवा मापदण्ड कार्ययोजनाको प्रभावकारी कार्यान्वयनका लागि आवश्यक बजेट बिनियोजन गरिने छ ।

**११९.** सम्भावित मातृ तथा नवशिश मृत्युको जोखिम कम गर्न साझेदार संस्थाहरूको समन्वयमा ग्रामिण अल्ट्रासाउण्ड कार्यक्रम संचालन गरी धुम्ती सेवा मार्फत सबै गर्भवती महिलालाई भिडियो एक्सरे सेवा निःशुल्क प्रदान गरीनेछ । स्थानीय बर्थिङ्ग सेन्टरमा गर्भवति जाँच र सुत्केरी हुने महिलाहरूलाइ विषेश प्रोत्साहन गरिने छ ।

**१२०.** गुणस्तरीय मातृ तथा नवजात शिशु स्वास्थ्य कार्यक्रम मार्फत स्वास्थ्य सेवा सुधार गरी मातृ तथा नवजात शिशु मृत्यु दरमा कमी ल्याउन दक्ष प्रसुति तालिम, लामो अवधिको परिवार नियोजन साधन प्रवर्धन, मातृ शिशु हेल्पलाइन सेवा, सबै गर्भवती र सुत्केरीहरूको फोन मार्फत फलोअप सेवा बिस्तार गरिने छ । प्रत्येक बर्थिङ सेन्टरमा दक्ष प्रसुतिकर्मिको व्यवस्था रहने गरी २४ सै घण्टा सुरक्षित प्रसुति सेवाको उपलब्धता सुनिश्चित गर्ने निति लिइने छ । स्वास्थ्य संस्थाको सुदृढिकरणका लागि आवस्यक भौतिक संरचना तथा नेपाल सरकारको न्युनतम सेवा मापदण्ड अनुसारको औजार उपकरणहरू उपलब्धता सुनिश्चित गरिने छ । निर्माण गर्न बाँकी रहेका स्वास्थ्यचौकीहरुको भवन निर्माणलाई प्राथमिकतामा राखिने छ । स्वास्थ्य चौकीहरुमा आवश्यक नियमित सञ्चालन खर्चको व्यवस्थापन गरिनेछ । शंकरपोखरी स्वास्थ्य चौकीमा रहेको प्रसुति केन्द्रको भवनको भौतिक सुधार कार्य यसै वर्ष सम्पन गरिने छ ।

**१२१.** आमा बा स्वास्थ्य कार्यक्रम मार्फत जेष्ठनागरिक र अपाङ्गहरुको स्वास्थ्य उपचारमा सहयोग पुऱ्याउन स्वास्थ्यकर्मी घरघरमा गएर मलेरीया, क्षयरोग, डेङ्गु, कोभिड १९ जस्ता महामारीजन्य रोग, साथै नसर्ने रोग जस्तै, मधुमेह, मुटु रोग, मृगौला सम्वन्धी रोगको परिक्षण साथै समुदाय स्तरमा उपचार र निदान कार्यक्रम बिस्तार गरी स्वास्थ्य सेवाको पहुँचमामा बृद्धि गरिने छ ।

**१२२.** नियमित खोप सेवा साथै पूर्ण सरसफाइ कार्यक्रमलाई निरन्तरता दिईने छ । साथै पूर्ण खोप पाउने वालवालिकाको अधिकारलाई सुनिश्चित गरिने छ । देविस्थान र शंकरपोखरीमा रहेका भ्याक्सिन सब सेन्टरलाई गुणस्तरिय व्यवस्थित गराइने छ ।

**१२३.** मलेरीया, क्षयरोग, डेङ्गु, रोगको पहिचान र उपचारको लागि सघन रुपमा ल्याव परिक्षण र स्कृनिङ्ग क्याम्पको संचालन गरिने छ ।

**१२४.** नगरपालिकाका सबै वडाहरुमा नगरिक आरोग्य समुह गठन गरी सो मार्फत समुदायमा बढ्दो नसर्ने रोगको प्रकोपलाई न्युनिकरण गर्न आहार, विहार, व्यायाम र स्वस्थ्य जीवन शैली अपनाउन नसर्ने रोग सम्वन्धी जनचेतनामुलक कार्यक्रम अगाडी बढाइने छ ।

**१२५.** स्वास्थ्य सबैका लागि सबैको हातेमालो भनाइलाई आत्मसाथ गर्दै नागरिकको स्वास्थ्य सेवाको प्रयोग वृद्धी र सामुदायिक स्वास्थ्य प्रवर्धनका लागि परिचालन गर्न नगरपालिकामा रहेका ९७ वटा स्वास्थ्य आमा समुहलाई सुदृढिकरण गरी नगरपालिको विशेषतायुक्त कार्यक्रमको रुपमा कार्यान्वयन गरिने छ ।

**१२६.** नगरपालिकामा रहेको फलेवास नगर अस्पतालमा आवश्यक उपकरण व्यवस्थाका साथै भवन निर्माणकार्य तिव्रता दिइने छ । यसै वर्षभित्रै नगर अस्पतालको निर्माण कार्यलाइ सम्पन्न गरिनेछ ।

**१२७.** कार्कीनेटा, भंगरा र देविस्थानबाट यसै वर्षदेखि एम्बुलेन्स सेवा प्रदान गरिने छ । साथै धुलिखेल स्वास्थ्य केन्द्रमा रहेको एम्बुलेन्स सेवालाई निरन्तरता दिइने छ । अपाङ्गता भएका व्यक्ति, जेष्ठ नागरिक, र आर्थिक रूपले बिपन्न व्यक्तिहरूलाई ५० प्रतिशत सहुलियतमा एम्वुलेन्स सेवा प्रदान गर्ने नीति लिइने छ । यसका लागि नगरपालिका भित्रका एम्वुलेन्स संचालनका लागि छुट्टै कार्यविधि जारी गरिने छ ।

**१२८.** स्वास्थ्य बिमा वोर्डसंगको सहकार्यमा बहुसंख्यक नागरिकलाई स्वास्थ्य विमा कार्यक्रमा जोडिने छ । जसले गर्दा नागरिकले आर्थिक अभावमा स्वस्थ्य उपचार नपाउने समस्याको कमी आउने छ । साथै फलेवास नगर अस्पताललाई प्रथम सेवा विन्दुको रुपमा विकास गर्न आवश्यक व्यवस्थापन गरिने छ ।

**१२९.** समय समयमा देखिने माहामारी प्राकृतिक विपत्तीमा नागरिकलाई छिटो उद्दार र व्यवस्थापन गर्न नगरस्तरिय द्रुत प्रतिकार्य समिति र द्रुत प्रतिकार्य टोली साथै वडा स्तरीय द्रुत प्रतिकार्य टोली निर्माण गरि उक्त टोलिको क्षमता विकास र आवश्यक सामाग्रीको व्यवस्था गरिनेछ ।

**१३०.** मुडिकुवा, कुर्घा, शंकरपोखरी, कार्किनेटा, भंगरा स्वास्थ्य चौकी र फलेवास नगर अस्पताल देविस्थानबाट मानसिक रोगको पहिचान, निःशुल्क उपचार र परामर्श सेवा प्रदान गर्न आवश्यक व्यवस्था मिलाइने छ ।

**१३१.** अनिच्छित गर्भ धारणबाट पर्ने मानसिक र शारिरिक नकारात्मक प्रभावलाई न्युनिकरण तथा लामो अवधिको परिवार नियोजन साधनको प्रयोगलाई बढावा दिइने छ ।

**१३२.** संघिय सरकारबाट प्रदान गरिने आर्थिक रुपले बिपन्न नागरिकहरुले मृगौला प्रत्यारोपण गरेका, डायलाइसिस गरिरहेका, क्यान्सर रोगी र मेरुदण्ड पक्षघातका विरामीलाई औषधि उपचार बापत पाउने मासिक उपचार खर्चका लागि छुट्टै कोषको व्यवस्था गरिनेछ । तोकिए बमोजिम उक्त रकम उपलब्ध गराउन र कडारोगीको उपचारका लागि गरिने सिफारिसलाई व्यवस्थित गरिने छ ।

**१३३.** पर्वत अस्पतालमा रहेको मृगौलाको डायलासिस लगायत बिशिष्टिकृत सेवामा फलेवास नगरपालिकाको समेत योगदान रहनेगरी साझेदारी गरिनेछ ।

**१३४.** यस नगरपालिकाको वडा नं ३ मा रहेको शंकरपोखरी आयुर्वेद औषधालय मार्फत आयुर्वेद सेवा तथा योगा व्यायामलाई सबै वडामा पुर्याइने छ । साथै स्थानीय जडिबुटीको उपयोगिता प्रयोग र प्रर्वधन गरिने छ । यस नगरपालिकामा रहेको जिल्ला आयुर्वेद केन्द्र पर्वतको लागि जग्गा व्यवस्थापन गरिने छ ।

**१३५.** प्राथमिक स्वास्थ्य सेवा उल्लेखित आयुर्वेद सेवा एवं आयुर्वेद तथा वैकल्पिक चिकित्सा विभागले निर्देशित २३ प्रकारका अत्यावश्यक आयुर्वेद औषधिहरुको निशुल्क उपलब्धता सुनिश्चित गरिने छ।

**१३६.** नगरपालिकामा सञ्चालनमा रहेको धुलिखेल अस्पतालको लागि आवश्यक प्रविधि सहयोग गरिनेछ। धुलिखेल अस्पताललाई बर्थिङ सेण्टरका रुपमा विकास गर्न प्रोत्साहन गरिने छ। ठानामौला र मुडिकुवाको रुग्दीमा रहेको टेलिमेडिसिनको गुणस्तर अभिवृद्धिका लागि प्रोत्साहन गरिनेछ।

**१३७.** ८० वर्ष उमेर नाघेका एकल, दलित, जनजाति, अल्पसङ्ख्यक जेष्ठ नागरिकको सम्मानका लागि प्रत्येक वर्ष जेष्ठ नागरिक सम्मान कार्यक्रमको आयोजना गरिनेछ। सङ्घीय सरकारको सामाजिक सुरक्षाको दायरामा नपरेका ५० देखि ६८ वर्षसम्मका बिदुर पुरुषहरुलाई सहज जिवनयापनका लागि सामाजिक संरक्षण प्रोत्साहन भत्ताको व्यवस्था गरिने छ।

**१३८.** जेष्ठ नागरिकको ज्ञान, सीपलाई नगरको विकासमा उपयोग गर्न नगरमा गठन हुने विविध समितिहरूमा कम्तीमा एकजना जेष्ठ नागरिक सदस्य रहने व्यवस्था गरिनेछ। यसै आर्थिक वर्षमा नगरपालिकाको मुडिकुवा, खानीगाउँ, कार्कीनेटा र देविस्थानको कुनै एक पायक पर्ने स्थानमा जेष्ठ नागरिक दिवा विश्राम केन्द्र निर्माण गरिनेछ। सो केन्द्रमा जेष्ठ नागरिकमैत्री धार्मिक पुस्तक, लोकबाजा, ध्यान स्थल, पूजा स्थलको व्यवस्था गरिनेछ।

**१३९.** सहयोगापेक्षी बेसहारा, अशक्त, असहाय, अनाथ, अभिभावकविहीन, मानसिक तथा शारीरिक रुपमा कमजोर सडकआश्रित मानवहरूको मानवोचित व्यवस्थापनको लागि औषधोपचार, पालनपोषण र जीवन रक्षाका लागि मानवसेवा आश्रम वाग्लुङसँग सहकार्य गरिनेछ।

**१४०.** नगरपालिकाको सम्पदाको रुपमा रहेका जनजाति संस्कृति, भाषा तथा भेषभुषाको संरक्षणका कार्यक्रमहरू सञ्चालन गरिनेछ। गुरुङ, नेवार र मगर समुदायका सघन बस्ती भएका ठाँउहरू खाल्डे, खुम, कार्कीनेटा, थापाठाना, देविस्थान, पाङराङमा मौलिक संस्कृति संरक्षण तथा विकास कार्यक्रम सञ्चालन गरिनेछ। लाखेनाच, पञ्चेबाजा, लोकदोहोरी, भजनको प्रवर्द्धनका लागि नगरले समुदायको साझेदारीमा सहयोग गर्नेछ।

**१४१.** देविस्थानमा प्रदेशस्तरीय फलेवास रङशालाको निर्माणलाई निरन्तरता दिइनेछ। प्रत्येक वडामा कम्तिमा एउटा खेल मैदानको निर्माण गरिनेछ। फलेवास-४ मुडिकुवास्थीत अम्बोटमा व्यवस्थीत क्रिकेट मैदानको निर्माण गरिने छ। विद्यालयका खेलकुद मैदानहरूको स्तरोन्नति गरिनेछ।

**१४२.** नगरमा खेलकुद प्रशिक्षण गर्ने व्यक्ति वा संस्थालाई प्रोत्साहन गरिनेछ। अन्तराष्ट्रिय तथा राष्ट्रिय प्रतिस्पर्धामा सहभागी हुने खेलाडीलाई नगरबाट विशेष सहयोग प्रदान गरिनेछ। जिल्लास्तरिय खेलकुद प्रतियोगिता लगायतका अन्य खेलमा उत्कृष्ठ नतिजा ल्याई नगरको प्रतिष्ठा बढाउने खेलाडीहरुलाई उचित प्रोत्साहन गरिनेछ।

**१४३.** युवा क्लवहरुको प्रवर्धन गरी नमुना युवा संसद अभ्यास आयोजना गरी युवाहरुको नेतृत्व विकास, अनुशासन र व्यक्तित्वकलाको विकासमा जोड दिइनेछ। युवा प्रतिभा पहिचान गरी सामाजिक जागरण र रुपान्तरणमा युवाहरु परिचालन गरिनेछ। युवा उद्यमशीलता विकास गरी स्वरोजगार, आर्थिक विकासमा जोड दिइनेछ। युवामैत्री स्थानीय शासनका लागि युवाका मुद्दामा बहसपैरवी कार्यक्रम सञ्चालन गरी सकारात्मक सोंचको विकास र सामुदायिक विकासमा युवाहरुलाई समाहित गरिनेछ।

**१४४.** फलेवास नगरपालिकाबाट सार्क मुलुक लगायत अन्य देशमा पेशा, व्यवसाय रोजगार गरी बसेका व्यक्तिहरूको भर्चुअल (Vertual) बैठक गरी उनीहरूले नगरलाई र नगरले उनीहरूलाई गर्नसक्ने योगदानको बारेमा स्पष्ट नीतिगत व्यवस्था गरिनेछ। उनीहरूले नगरमा गर्ने औद्योगिक तथा व्यावसायिक लगानीमा

नगरपालिकाले सहजीकरण गर्नेछ । फलेवासमा आई स्थायी वा अस्थायी रुपमा बस्न चाहने गैर आवासीय नेपालीहरूको लागि स्थानीय मापदण्ड अनुसारका घर निर्माणमा नगरपालिकाले सहयोग गर्नेछ ।

**१४५.** महिला विकासका सम्पूर्ण कार्यक्रमहरूलाई समाहित गरिनेछ । प्रत्येक टोलमा आमा समूह, महिला समूहको गठन तथा पुनर्गठन गरिनेछ । नगरको विकासका सबै पक्ष र क्षेत्रमा महिला सहभागिताको सुनिश्चितता गरिनेछ ।

**१४६.** एकल महिला, अपाङ्गता भएका व्यक्ति, तेस्रो लिङ्गी, जेष्ठ नागरिकबाट सञ्चालन गरिएका उद्योग व्यवसायमा पूर्ण कर छुटको व्यवस्था सहित कच्चा पदार्थ र प्रविधि खरिद तथा उत्पादित सामानको बजारीकरणमा अनुदानको व्यवस्था गरिनेछ ।

**१४७.** घरेलु तथा लघु उद्यम व्यवसायको सञ्चालन मार्फत् महिलाको आयआर्जन वृद्धि कार्यक्रमको सुरुवात गरिनेछ । प्रत्येक टोलमा एक उद्यमशील महिला समूहको अवधारणा अन्तर्गत कृषि उद्यममा महिला कार्यक्रम सञ्चालन गरिनेछ । प्रत्येक वडामा कम्तिमा एउटा घरेलु उद्योग स्थापना गर्न प्रोत्साहन गरिनेछ । मागमा आधारित कार्यक्रम सञ्चालन गरी आयआर्जन वृद्धि गर्न प्रोत्साहन गरिनेछ ।

**१४८.** नगरका उद्यमीहरूबाट उत्पादित वस्तुको बजारीकरणका लागि उद्यमी भेला तथा प्रर्दशनी कार्यक्रम सञ्चालन गरिनेछ । नगरका उद्यमीहरुले उत्पादन गरेको सामग्रि एकिकृत प्रणालीबाट बिक्रि तथा निर्यातका लागि नगरमा छुट्टै बिक्रिकक्ष स्थापना गरिनेछ ।

**१४९.** लैङ्गिक हिंसामा शून्य सहनशीलताको नीति अवलम्बन गरिनेछ । हिंसा पीडितका लागि शीघ्र न्याय प्राप्त हुने वातावरण सिर्जना गरिनेछ । अभिभावक बिहिन बालबालिका र बेसहारा तथा हिंसापीडित नागरिककहरुका लागि सुरक्षित अभिभावकत्व सहित व्यवस्थापन गरिनेछ ।

**१५०.** नगरस्तरीय किशोरी सञ्जाल गठन गरिनेछ । किशोरी सञ्जालको कार्यकारी समिति मार्फत् किशोरी स्वास्थ्य, शिक्षा, उद्यमशीलता, लैङ्गिक संवेदनशीलताका कार्यक्रम सञ्चालन गरिनेछ ।

**१५१.** बालमैत्री शासन अबलम्बन गरी नगरका हरेक घरदेखि सार्वजनिक संघसंस्थामा उनिहरुको निर्णायक उपस्थीति सहित बालमैत्री शासनका सूचकहरु तयार गर्न आवश्यक बजेटको व्यवस्था गरिनेछ । आगामी २०८३ जेठ मसान्तभित्र फलेवासलाई बालमैत्री स्थानीय शासन अवलम्बन गरिएको नगर घोषणा गरिनेछ ।

**१५२.** अपाङ्गता भएका व्यक्तिको सहज जीवनयापन र सामाजिकीकरणका कार्यक्रम सञ्चालन गरिनेछ । दलित, अल्पसङ्ख्यक, मुस्लिम, बोटे, कुमालका साथै सीमान्तकृत र अति सीमान्तकृत नागरिकहरूलाई नगर विकासको मूलधारमा समाहित गर्न विशेष राहतका कार्यक्रम ल्याइनेछ ।

**१५३.** सङ्घीय सरकार, प्रदेश सरकारसँगको समन्वयमा जनआन्दोलनका घाइते, वेपत्ता परिवार र शहिद परिवारको उचित व्यवस्थापन गरिनेछ ।

**१५४.** दलित, अल्पसंख्यक, मुस्लिम, बोटे, कुमालका साथै सीमान्तकृत र अति सीमान्तकृत विद्यार्थीहरूलाई पढाइमा निरन्तरताका साथै आवश्यक शैक्षिक सामग्री तथा अन्य आवश्यक सामग्री खरिदका लागि सहजीकरण हुने गरी पढाइ सँगै कमाइ कार्यक्रमलाई प्रोत्साहन गरिनेछ ।

**१५५.** नगरका सबै सार्वजनिक संरचनाहरू बालबालिका, फरक क्षमता भएका, लैङ्गिक र जेष्ठ नागरिकहरूको सहज पहुँच हुनेगरी निर्माण गरिनेछ । निजी संरचना निर्माणमा पनि सोही अनुसार प्रोत्साहन गरिनेछ । हरेक पुर्वाधार निर्माणमा भवन संहिता अनुरुप निर्माणमा कडाइ गरिनेछ ।

**१५६.** नयाँ सार्वजनिक भौतिक संरचना निर्माण गर्दा बालमैत्री, अपाङ्गतामैत्री, लैङ्गिकमैत्री तथा जेष्ठ नागरिक मैत्री बनाउन अनिवार्यता गरिनेछ ।

**१५७.** नगरबासीको राष्ट्रिय परिचय पत्र तयार गरिनेछ । व्यक्तिगत घटना दर्ता र पञ्जीकरणलाई व्यवस्थित गरिनेछ । नगरबासीको पारिवारिक प्रोफाइल तयार गरिनेछ ।

**१५८.** सामाजिक सुरक्षा वितरण गर्ने बैंक र जिल्लस्थित सुरक्षा निकायसँग समन्वय गरी घुम्ती बैङ्किङ प्रणाली अन्तरगत बैंकमा पुग्न नसक्ने जेष्ठ नागरिकहरू र अपाङ्गता भएका व्यक्तिहरूको लागि सामाजिक सुरक्षा भत्ता सहज रुपमा प्राप्त गर्ने व्यवस्था गरिनेछ ।

**१५९.** नगरको न्यायीक समितिको सवलीकरण गरिनेछ । विवाद समाधान भन्दा पनि घर परिवार, टोल समाजमा विवादै नआउने वातावरण सिर्जना गर्न सचेतना कार्यक्रम सञ्चालन गरिनेछ । नगरपालिकाको कक्षमा बसी विवाद समाधान गर्न खोज्नुको साटो न्यायिक समिति आफै विवाद भएको स्थानमा पुगी स्थलगत विवाद समाधानको प्रत्यक्ष विधि अवलम्बन गरिनेछ । गम्भीर प्रकृतिका देवानी कसूरहरूमा पीडितले न्याय प्राप्त गर्न सक्ने गरी कानुनी सहायता प्रदान गरिनेछ ।

**१६०.** नगरपालिकाको समग्र विकासमा निजी क्षेत्र, समुदायिक संस्था, गैर सरकारी संस्थासँग साझेदारी र सहकार्य गरिनेछ । गैर सरकारी संस्थाले नगरमा सञ्चालन गर्ने कार्यक्रमहरूमा नगरको अनुमति लिनुपर्ने अनिवार्यता गरिनेछ । गैर सरकारी संस्था समन्वय समिति मार्फत् अनुगमन र निरीक्षण गरी राम्रो काम गर्नेलाई प्रोत्साहन गरिनेछ ।

**१६१.** नगरभित्रका व्यवसायोन्मुख किसान, गरिव, दलित, महिला, बालबालिका, जेष्ठ नागरिक, अपाङ्गता भएका नागरिक, युवा, युवा महिला, किशोरी, दीर्घरोगी लगायत असाहय नागरिकहरुको क्षमता अभिबृद्धी गरिनुका साथै उनिहरुलाई आर्थिक तथा व्यवसायिक रुपमा सक्षम बनाउन 'बिपन्न र असाहय नागरिकसंग नगरपालिका' बिशेष कार्यक्रम सञ्चालन गरिनेछ । सो कार्यका लागि चालु वर्ष नै संकल्प प्रस्ताव पारित गरीने छ । उक्त कार्यक्रमका लागि नगरले यसै वर्ष आवश्यक कार्यविधि बनाउने छ । त्यस्ता कार्यक्रम वडाले गर्न चाहेमा सम्बन्धित वडालाई थप बजेटको समेत व्यवस्था गरीने छ ।

**१६२.** नगरभित्र पहिचान भएका सुकुम्बासी परिवारलाई जग्गा व्यवस्थापनका लागि पहल गरिनेछ । साथै अति बिपन्न र भूमिहिन परिवारलाई आवास तथा खाद्यान्नको व्यवस्था मिलाउन पहल गरिनेछ ।

नगर सभा सदस्यहरू,

वन, वातावरण तथा विपत् व्यवस्थापन

**१६३.** आगामी चार वर्षभित्र नगरका सबै चौतारी, पोखरी, मठमन्दिर, कोटहरू, पाटी पौवाको मर्मत सम्भार सम्पन्न गरिनेछ । प्रत्येक टोलमा एक चौतारी र एक पोखरी निर्माण अभियान समुदायको साझेदारीतामा सुरुवात गरिनेछ । ऐतिहासिक शंकरपोखरी र मुडिकुवाको 'मुलकुवा'को संरक्षण गरिनेछ ।

**१६४.** फलेवासको विकासमा सबै नगरबासीहरुको सहभागिता, आर्थिक विकास, सामाजिक विकास, दीगो पुर्वाधार विकास, वातावरणीय विकासका लागि सामाजिक जागरणका रुपमा क्लिन फलेवास ग्रिन फलेवास अभियानलाई फलेवासको बहुआयामिक विकासका लागि थप परिस्कृत गर्दै सञ्चालन गरिनेछ । यस अभियान अन्तर्गत खाली, प्रति जग्गामा फलफूलका बिरुवा, डाले घाँस जातका बिरुवा, परम्परागत धार्मिक महत्व बोक्ने वर, पिपल, समी, आँक, पलाँस जातका बिरुवा, जडिबुटीका बिरुवा रोप्न प्राथमिकता दिइनेछ । यस कार्यक्रमलाई नगरबासीको आम्दानीसंग जोडिनेछ ।

१६५. वनको व्यवसायीकरणका लागि सामुदायिक वन भित्र अम्रिसो, खन्यू, किम्बु जस्ता डालेघाँसका बिरुवा रोप्न समूहलाई प्रोत्साहन गरिनेछ । साथै सामुदायिक वनभित्र आँप, लिची, कटहर ओखर लगायतका फलफुलका बिरुवा रोपणको अभियान सञ्चालन गरिनेछ ।

१६६. खेतियोग्य जमिनमा हुर्किएका अनावश्यक र अनुत्पादक रुख तथा झाडी फडान गरी खेतीयोग्य जमिनको बिस्तार गरिनेछ । यसबाट बाँदर लगायत बन्यजन्तुको नियन्त्रणमा समेत सहज हुनेछ ।

१६७. नदी र खोलाबाट वर्षातको समयमा हुने बाढी पहिरो जस्ता प्रकोपलाई नियन्त्रण गर्ने कार्यक्रम ल्याइनेछ । कालीगण्डकी, मोदी, लमाए, मल्याङ्दी, चिर्दी, जमले, खाल्टे, लुवाखोला, राहालेखोला, लगायतका नदी तथा खोला किनारहरूमा वृक्षारोपण र तटबन्ध कार्यक्रमलाई सञ्चालन गरिनेछ ।

१६८. वातावरणीय विनास तथा विपत् न्यूनीकरणका लागि पूर्वाधार विकास गर्न तल्लो र माथिल्लो भूगोलमा पर्ने असरलाई न्यूनीकरण गर्न सबै पक्षसँग सहकार्य र समन्वय गरिनेछ ।

१६९. प्राकृतिक तथा मानव सिर्जित विपत्तिको न्यूनीकरण र सामना गर्न नगरका सबै संयन्त्र सक्रिय बनाइनेछ । सामुदायिक सचेतना कार्यक्रम, विद्यालय शिक्षा कार्यक्रम सञ्चालन गरी प्रकोप तथा क्षति न्यूनीकरण गरिनेछ । नेपाल प्रहरी, सामुदायिक सङ्घ संस्था, नेपाल रेडक्रस सोसाइटीसँग समन्वय र सहकार्य गरिनेछ । प्रकोप नियन्त्रणमा अन्तरपालिका समन्वयलाई सघन बनाइनेछ । प्रकोप पीडितहरूको लागि तत्काल उद्वार र राहत कार्यक्रम सञ्चालन गरिनेछ । जसका लागि विपत् पूर्वतयारी र प्रतिकार्य योजना निर्माण र कार्यान्वयन गरिनेछ ।

१७०. नगर क्षेत्रभित्र खरको छाना भएको घरलाई जस्ताको छानाले विस्थापन गरी खरको छाना भएका घरहरुलाई सुरक्षित नागरिक आवासको रुपमा रुपान्तरण गर्न कार्यक्रम सञ्चालन गरिनेछ । सुरक्षित नागरिक आवास कार्यक्रम मार्फत यसै वर्षभित्र सबै खरका छानालाई टीनको छानाले बिस्थापित गरिनेछ ।

१७१. मनसुनजन्य बिपतमा परेका घरहरुलाई संघीय सरकारसंगको साझेदारीमा पुनर्निर्माण तथा पुनर्स्थापना कार्यक्रमलाई अघी बढाइनेछ । अव्यवस्थीत बसोबासीलाई व्यवस्थीत आवास निर्माणमा प्रोत्साहन गरिनेछ ।

नगर सभा सदस्यहरू,

नगरवासी आमाबुबा, दाजुभाइ तथा दिदीबहिनीहरू ।

संस्थागत विकास, सेवा प्रवाह र सुशासन

१७२. नगरबाट प्रदान गरिने सेवालाई जनपक्षीय, उत्तरदायी र गुणस्तरीय बनाइनेछ । नगर तथा वडा तहमा डिजिटल नागरिक वडापत्र जारी गरी सेवा प्राप्त गर्ने तरिका, लागत,जिम्मेवार शाखा र व्यक्ति किटान गरिनेछ । नगरको सेवामा गुनासो भएमा सिधै नगरप्रमुखसंग नागरिक सम्बाद गराई तत्कालै समस्या समाधान गर्ने संयन्त्रको विकास गरिनेछ ।

१७३. नगर तथा नगर माताहतका जुनसुकै कार्यालयमा मुस्कानसहितको सेवा र छरितो सेवालाई प्राथमिकतामा राखेर कार्यसम्पादन गर्ने परिपाटीको विकास गरिनेछ ।

१७४. बस्ती, टोल र वडाबाट योजना छनौट, प्राथमिकीकरण, कार्यान्वयन र मूल्याङ्कन गर्दा सार्वजनिक सुनुवाइको व्यवस्था गरिनेछ । नगरको आवधिक वित्तीय विवरणको सार्वजनिकीकरण गरिनेछ । नगरपालिकाका

सबै वित्तीय एवम् गैरवित्तीय गतिविधिहरूको सार्वजनिक संवाद तथा सामाजिक परीक्षणको व्यवस्था गरिनेछ । सो सामाजिक परीक्षण समितिमा नागरिकको सक्रिय सहभागिता सुनिश्चित गरिनेछ ।

**१७५.** नागरिकबाट प्राप्त गुनासाहरूको शीघ्र सम्बोधनको व्यवस्था मिलाइनेछ । नागरिक गुनासा र सम्बोधनको वास्तविक अवस्थाको आवधिक प्रकाशन गरिनेछ ।

**१७६.** राजनीति र प्रशासनको कार्यक्षेत्र, काम, कर्तव्य र अधिकारको बारेमा स्पष्टता ल्याउन वर्षमा २ पटक नगरका सबै जनप्रतिनिधि र कर्मचारी सम्मिलित जनप्रतिनिधि कर्मचारी अन्तरक्रिया कार्यक्रम सञ्चालन गरिनेछ । त्यसबाट प्राप्त सुझावलाई सेवा प्रवाहसँग आबद्ध गरिनेछ ।

**१७७.** सामाजिक रुपान्तरण, अधिकारमैत्री सेवा, निगरानी र सचेतनाका लागि नागरिक समाज र सामाजिक अभियन्तासँग सहकार्य गरिनेछ ।

**१७८.** सेवा प्रवाह सरलीकरण र सहजीकरणका लागि साझेदारहरूको पहिचान गरिनेछ । गैरसरकारी तथा सामाजिक सङ्घ संस्था, प्रतिष्ठान, विश्वविद्यालय, व्यावसायिक तथा नवप्रवर्तन केन्द्रसँग समन्वय र सहकार्य गरिनेछ । ग्रामीण तथा शहरी विकासका नवोदित आयामहरूको सिकाई तथा प्रविधि हस्तान्तरणका लागि स्वदेश तथा विदेशका स्थानीय सरकारसँग भगिनी सम्बन्ध स्थापना गरिनेछ ।

**१७९.** नगरका गौरवका योजना तथा ठूला योजना कार्यान्वयनका लागि सङ्घ  र प्रदेश सरकारसँग साझेदारी गर्न नगरमा एक समपूरक/साझेदारी कोषको व्यवस्था गरिनेछ ।

**१८०.** सेवा प्रवाहमा प्राथमिकतामा राख्नुपर्ने विशेष वर्गहरू जस्तै फरक क्षमता भएका व्यक्ति, जेष्ठ नागरिक, गर्भवती, सुत्केरी, महिला, दीर्घ रोगी नागरिकहरूका लागि घुम्ति शिविर मार्फत घरदैलोमा नै सेवा उपलब्ध गराउने व्यवस्था गरिनेछ ।

**१८१.** सेवाग्राही सर्वेक्षण, सेवाग्राही गुनासो व्यवस्थापन, अनलाइन र अफलाइन सिकायत सुन्ने व्यवस्था गरी सेवा प्रवाहको गुणस्तर मापन गरिनेछ । समय समयमा सेवाग्राहीसंग परामर्श तथा अन्तरक्रिया कार्यक्रम समावेश गरिनेछ ।

**१८२.** आवधिक रुपमा विदाको दिन पारेर नागरिक एकीकृत घुम्ती सेवा मेलाको सञ्चालन गरिनेछ । नागरिकका अत्यावश्यक कामलाई बिदाको दिनमा समेत सम्पादन गर्ने व्यवस्थाको सुरुआत गरिनेछ ।

**१८३.** कर्मचारीलाई सेवा प्रवाहमा थप उत्प्रेरित बनाउन प्रोत्साहनको व्यवस्था गरिनेछ । सेवाग्राही सर्वेक्षणबाट कर्मचारीको मूल्याङ्कन गर्ने पद्दतिको विकास गरी उत्कृष्ट कर्मचारीको पहिचान गरी पुरस्कृत गरिनेछ ।

**१८४.** अन्तर स्थानीय तह जनप्रतिनिधि कर्मचारी भेटघाट, अन्तरक्रिया तथा भ्रमणलाई प्रोत्साहन गर्दै असल अभ्यासको सिकाइलाई अबलम्बन गरिनेछ ।  जसबाट अर्को स्थानीय तहका राम्रा अभ्यासहरूलाई यस नगरपालिकामा स्थानान्तरण गर्न र हामीले गरेका राम्रा अभ्यासहरूको प्रचारप्रसार गर्न यो एउटा अवसर बन्नेछ ।

**१८५.** कर्मचारीको वृत्ति विकास, क्षमता विकासलाई जोड दिइनेछ । करार तथा ज्यालादारीमा कार्यरत कर्मचारीहरूको न्यायोचित बृत्ती विकास, योगदानमा आधारित अवकास कोष/श्रमीक कल्याण कोषलाई निरन्तरता दिइ मनोबल बृद्धी गरिनेछ । समान तह र दरबन्दी संरचना अनुसार कार्यरत कर्मचारीहरुको सेवासुविधा/पारिश्रमीक समान तहमा पुनरावलोकन गरी समान गरिनेछ ।

**१८६.** पारदर्शिता, जवाफदेहिता, कानूनको शासन र अनुमान योग्यता जस्ता सुशासनका आधारभूत पक्षहरूलाई नगरका सबै क्रियाकलापमा आन्तरिकीकरण गरिनेछ । कर्मचारी तथा जनप्रतिनिधि दुवैमा “जनता

मालिक हुन्, हामी उनीहरूका सेवक हौँ” भन्ने भावनाको विकास गरी सुशासनका लागि नागरिक सर्वोच्चता स्थापित गरिनेछ ।

**१८७.** नगरमा वित्तीय सुशासन कायम राख्न विगतको बेरुजूको यकीन अवस्था पहिचान गरी अवस्था अनुसार फर्छ्यौट गर्ने वा रुजु गर्ने वा दाखिला गर्न लगाउने कार्य गरिनेछ । पुरानो पेश्की वेरुजु भएको उपभोक्ता समिति वा व्यवसायीलाई पेश्की फर्छ्यौट नगरेसम्म नगरको कुनै वित्तीय कार्यमा संलग्न हुन दिइने छैन । जुनसुकै योजनाको उत्कृष्ठ र समयमै कार्य सम्पन्न गर्ने समिति वा व्यवसायीलाई प्रोत्साहनको व्यवस्था गरिनेछ ।

**१८८.** नगर कार्यपालिका कानुनको शासनप्रति प्रतिबद्ध छ । कानूनले गर्न भनेको काम नगर्ने र नगर्न भनेको गर्ने प्रवृत्तिलाई पूर्ण रुपले निरुत्साहित गरिनेछ । यस भन्दा अगाडिको नगर कार्यपालिका र नगरसभाले निर्माण गरेका कानूनहरूको वैधता एवम् वैधानिकता परीक्षण गर्दै आवश्यकता अनुसार संशोधन गरिनेछ । संविधानतः स्थानीय सरकारले एकल रुपमा गर्ने भनी तोकेको कार्यक्षेत्रभित्र रहेर अन्य आवश्यक नयाँ कानूनहरू निर्माण गरिनेछ । साझा अधिकार सूचीका विषयहरू कार्यान्वयनका लागि सङ्घ र प्रदेश सरकारसँग समन्वय र सहकार्य गरी कानून निर्माण गरिनेछ । नीति, कानून निर्माण गर्दा जनताको सहभागिता र पारदर्शीताका विविध विधिहरू अवलम्बन गरिनेछ ।

**१८९.** नगरपालिका र माताहतका सम्पुर्ण वडा कार्यालयहरुलाई पुर्ण रुपमा प्रविधिमैत्री बनाई हरेक सेवा प्रवाहलाई छरितो र चुस्तदुरुस्त बनाइनेछ । हरेक वडा र नगरको केन्द्रलाई प्रविधिको सञ्जालमा जोडेर नागरिकलाई सेवासुविधा सहज र प्रविधिमैत्री बनाउने कार्य मुख्यमन्त्री नवप्रवर्तन कार्यक्रम मार्फत गतवर्ष काम शुरु भएकोमा उक्त कार्यक्रम अन्तर्गत अधुरा रहेका केहि कार्यहरुलाई साझेदारीमा सञ्चालन गरी चालु वर्ष सम्पन्न गरीने छ ।

**१९०.** नगरको सुरक्षा व्यवस्थालाई सबल बनाउन आवश्यकता अनुसार नगर प्रहरीको व्यवस्था गरिनेछ । नेपाल प्रहरी र अन्य सामाजिक सङ्घ संस्थाको साझेदारिमा नगर सुरक्षा नीति तय गरिनेछ ।

नगर सभा सदस्यहरू,

संस्थागत विकास, सेवा प्रवाह र सुशासन

**१९१.** नगरपालिकाको आन्तरिक आयमा वृद्धिको लागि सबै करदातालाई सचेतना कार्यक्रम सञ्चालन गर्दै करको दायरामा ल्याइने छ । राजस्व संकलनलाई अनलाइन प्रणालीमा लागिनेछ । करको दर निर्धारण गर्दा नगरले नागरिकलाई पुऱ्याउनुपर्ने सेवा र नागरिक हितलाई प्राथमिकता दिइनेछ । सम्भाव्य आय स्रोतको पहिचान गरी राजश्वका स्रोतहरूको रचनात्मक उपयोग गरिनेछ । दोहोरो कर प्रणालीलाई अन्त्य गरिनेछ । नगरका पायक पर्ने बिभिन्न स्थानमा घुम्ति शिविरमार्फत व्यवसाय दर्ताको व्यववस्था मिलाइनेछ । मदिराजन्य कारोबार गर्ने व्यवसायीलाई कानून बमोजिम अनुमतिपत्र लिएर मात्रै मदिराजन्य पदार्थको बिक्रिवितरण गर्न नियमन गरिने छ ।

**१९२.** राजश्व चुहावटलाई प्रभावकारी रुपमा नियन्त्रण गरिनेछ । त्यसका लागि आवश्यकता अनुसार अनुगमन गरी कानुन बिपरित गर्नेलाई कानुन अनुसारको कारवाहि गरिनेछ ।

**१९३.** स्थानीय कच्चा पदार्थको उपयोग गर्ने, रोजगारी सिर्जना गर्ने र हरित उद्योग व्यवसायलाई कर छुट दिइनेछ । उद्योग व्यवसायमैत्री कर प्रणालीलाई प्रोत्साहन गरिनेछ ।

**१९४.** अपाङ्गता भएका व्यक्ति, एकल महिला, अल्पसंख्यक, जेष्ठ नागरिकहरूले सञ्चालन गरेको उद्योग, व्यवसायमा लाग्ने सम्पूर्ण कर छुट गरिनेछ । उनीहरूले सञ्चालन गरेको उद्योग व्यवसायलाई आवश्यक पर्ने कच्चा पदार्थमा लाग्ने करमा छुट दिँदै अनुदानको व्यवस्था गरिनेछ ।

**१९५.** नागरिकले विद्युतीय माध्यमबाट कर तिर्न सक्ने गरी सबै किसिमका करलाई अनलाइन पद्धतिमा आबद्ध गरिनेछ । हत्केलामा नगरपालिका कार्यक्रम अन्तरगत मोबाइल एपको निर्माण गरी नगरका सबै सूचना, सेवा घरघरै प्राप्त गर्ने व्यवस्था क्रमशः मिलाइनेछ । सम्पूर्ण व्यवसायलाई करको दायरामा समाहित गर्न प्रत्येक वडामा घुम्ती कर शिविर सञ्चालन गरिनेछ । कर सचेतना कार्यक्रम प्रत्येक वडामा सञ्चालन गरिनेछ ।

**१९६.** नगरका प्रत्येक घरमा घर नम्वर कायम गरिनेछ । जसले गर्दा सेवा प्रवाहमा सहजता आउनेछ । फलेवासबासीलाई नगरबासी हुनुको गौरव र गर्व महसुस हुनेछ ।

**१९७.** नगरपालिकाद्वारा निर्धारित सडकको मापदण्डलाई बस्तीको अवस्था, जनताको माग तथा सङ्घ र प्रदेश सरकारको नीति तथा मापदण्डको पालना गर्दै आवश्यकता अनुसार परिमार्जन गरिनेछ ।

**१९८.** उल्लिखित नीति तथा कार्यक्रमहरू निजी क्षेत्र, सहकारी क्षेत्र, गैर सरकारी क्षेत्र, सहरी शासकीय पूर्वाधार विकास आयोजना, प्रदेश सरकार र सङ्घीय सरकार समेतको समन्वय र साझेदारीमा कार्यान्वयन गरिनेछ ।

नगर सभा सदस्यहरू,

अन्त्यमा,

फलेवास नगरपालिकाको प्रस्तुत नीति तथा कार्यक्रम तयार पार्ने क्रममा हामीलाई बिभिन्न समयमा महत्वपुर्ण सल्लाह सुझाव दिएर यस अवस्थासम्म ल्याइपुऱ्याउन उल्लेखनीय सहयोग गर्नुहुने प्रतिनिधि सभाका माननीयज्यू, पुर्व माननीयज्यूहरु, प्रदेशसभाका माननीय सदस्यज्यूहरु, संविधानसभाका सदस्यज्यूहरु, नगरपालिकाका पुर्व जनप्रतिनिधिज्यूहरु, बिभिन्न राजनीतिक दलका अग्रज नेताज्यूहरु, समाजसेवी, उद्योगी व्यवसायीहरु, देसबिदेशमा रहेर फलेवास नगरपालिकाको समृद्धीप्रति चासो राख्ने हाम्रा सुभचिन्तकहरु, राष्ट्रसेवक कर्मचारीज्यूहरु, पत्रकारज्यूहरु बिभिन्न विषयका विज्ञहरु, नीजि क्षेत्र, नगरबासी किसानहरु, उद्यमी, फलेवास नगरवासी सम्पूर्ण आमाबुबा, दाजुभाइ, दिदीबहिनीहरूप्रति हार्दिक आभार व्यक्त गर्दछु । यहाँहरुको अपार स्नेह र भरोसालाई हामीले सधैं शीरमा राखेर अघि बढ्नेछौं । यहाँहरूले नगरमा गरेको आर्थिक, भौतिक तथा मानवीय लगानीको प्रतिफल प्राप्त हुनेगरी यो नीति तथा कार्यक्रम प्रस्तुत गरेको छु । यहाँहरूकै समृद्धि र सुखका लागि नगरपालिकाका हरेक प्रयत्न क्रियाशील हुनेमा म यहाँहरू समक्ष पुन बाचा गर्दछु । नगरको नीति, कार्यक्रम तथा बजेट कार्यान्वयनका लागि यहाँहरूको अमूल्य सुझावलाई म सधैं शीरोधार्य गर्नेछु । समृद्ध फलेवासः नमुना फलेवासको लागि यहाँहरूको साथ समर्थन र सहयोग सधैं रहिरहने अपेक्षा गर्दछु ।

फलेवास र फलेवासबासीको जय होस् ।

धन्यवाद ।